सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ वैशाख २०८२, आइतबार (4 May 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक २१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

आजदेखि कक्षा १२ को परीक्षा

५ लाख ११ हजार ५२५ परीक्षार्थी

काठमाडौं / राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माका अनुसार एक हजार ९१ परीक्षा केन्द्र छन् । परीक्षामा झन्डै २० हजार निरीक्षक र २१ सुरक्षाकर्मी खटिँदै छन् । बोर्डका अनुसार जापानमा पनि एउटा परीक्षा केन्द्र छ, जहाँबाट १६ विद्यार्थीले परीक्षा दिँदै छन् । त्यहाँको दूतावासमार्फत परीक्षाका लागि सहजीकरण गरिएको छ । यसपालि ०५६ यता विषय लागेका वा परीक्षा दिन नपाएका विद्यार्थी पनि सहभागी हुँदै छन् । उत्तरपुस्तिका प्रदेश तहमा परीक्षण हुने र परीक्षा बोर्डले नतिजा प्रकाशन गर्नेछ ।

स्वास्थ्य मन्त्रालय र चिकित्सक संघबिच चारबुँदे सहमति

आवासीय चिकित्सकले जनाए असन्तुष्टि, आन्दोलन नछाड्ने

आवासीय चिकित्सकहरूको आन्दोलनको नेतृत्व गरिरहेका शेषराज घिमिरेले भने, 'शनिबार भएको सहमति हामीलाई थाहा छैन, स्वास्थ्य मन्त्रालय र नेपाल चिकित्सक संघले सहमति गरेर हुन्छ भने होस् । यो उधारो सहमति मान्य छैन, निजी मेडिकल कलेजले तीन महिनादेखि निर्वाह भत्ता दिएका छैनन् ।'

(विस्तृत पृष्ठ ३)

सामाजिक सञ्जाल विधेयकमा सुधारका विषय



अग्रलेख

● रुजित काफ्ले

प्रस्तावित सामाजिक सञ्जाल विधेयकले जस्ताको त्यस्तै ऐनको रूप धारण गरेमा कार्यान्वयनमा जटिलता आउन सक्छ

(पृष्ठ ४)

अप्रिलमा भित्रिए एक लाख १६ हजार पर्यटक

अप्रिलमा अहिलेसम्मकै धेरै पर्यटक आएको रेकर्ड



सन् २०२५ को पहिलो चार महिनामा विभिन्न देशबाट चार लाख १५ हजार ४८ पर्यटक नेपाल भित्रिएका छन् ।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

संवैधानिक निकायका धेरै पदाधिकारीले सरकारबाट लिन्छन् दोहोरो सुविधा

संविधानले नै संवैधानिक पदाधिकारी हुन उच्च नैतिक चरित्र हुनुपर्ने व्यवस्था गरेको छ, तर निजामती सेवाबाट अवकाशपछि संवैधानिक निकायमा नियुक्ति पाएका अधिकांश पदाधिकारीले नैतिकतामा प्रश्न उठ्ने गरी तलबसँगै पेन्सन पनि बुझ्दै आएका छन्

● **विष्णुप्रसाद खरेल**, प्रमुख
निवृत्तिभरण व्यवस्थापन कार्यालय



अवकाशपछि नियुक्ति लिनुभएका प्रायःले पेन्सन पनि बुझिरहनुभएको छ । कतिपयले पेन्सन नलिने निवेदन दिए पनि पछि लिनुभएको छ । ऐनले दिएको सुविधाबमोजिम सम्बन्धित व्यक्तिले दिएको निवेदनका आधारमा कार्यालयले संवैधानिक पदावधि पेन्सनमा जोड्ने पनि गरेको छ । सर्वोच्च अदालतको फैसलाले दोहोरो सुविधा लिन नरोकेको अवस्थामा केही भन्न मिल्दैन । यो सम्बन्धित व्यक्तिले जान्ने विषय हो ।

सुवास भट्ट / नयाँ पत्रिका

अख्तियार, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, वित्त आयोगलगायत संवैधानिक निकायका पदाधिकारीमा 'उच्च नैतिक चरित्र हुनुपर्ने' व्यवस्था संविधानमै छ । तर, यिनै निकायका पदाधिकारीले नैतिक चरित्रमा प्रश्न उठ्ने गरी राज्यबाट दोहोरो सुविधा लिँदै आएका छन् । अधिकांश संवैधानिक अंगमा अवकाशप्राप्त राष्ट्रसेवक पदाधिकारी रहेकामा उनीहरूले 'कानुनले नरोक्ने' बहाना देखाउँदै नियमित तलबसँगै पेन्सन पनि लिँदै आएका हुन् ।

संविधानको भाग २१ को अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी व्यवस्था रहेको धारा २३८ को उपधारा ६ मा आयोगको प्रमुख आयुक्त वा आयुक्त

» पृष्ठ २ मा क्रमशः

■ जसले लिन्छन् तलबसँगै पेन्सन



डा. हरि पौडेल
आयुक्त, अख्तियार
(पूर्वसचिवको हैसियतमा बुझ्छन् ६१ हजार पेन्सन)



जयबहादुर चन्द
आयुक्त, अख्तियार
(पूर्वडिआइजीको हैसियतमा बुझ्छन् ४९ हजार पेन्सन)



किशोर सिलवाल
आयुक्त, अख्तियार
(उच्चको पूर्वन्यायाधीशको हैसियतमा बुझ्छन् ५४ हजार पाँच सय पेन्सन)



तोयम राया
महालेखा परीक्षक
(पूर्वसचिवको हैसियतमा बुझ्छन् ४५ हजार पेन्सन)



माधव रेग्मी
अध्यक्ष, लोकसेवा
(पूर्वसचिवको हैसियतमा बुझ्छन् ५९ हजार पेन्सन)



माधव बेल्वासे
सदस्य, लोकसेवा
(पूर्वसचिवको हैसियतमा बुझ्छन् ५१ हजार पेन्सन)



वीरबहादुर राई
सदस्य, लोकसेवा
(पूर्वसचिवको हैसियतमा बुझ्छन् साढे ५३ हजार पेन्सन)



अमरराज मिश्र
सदस्य, वित्त आयोग
(उपसचिवको हैसियतमा बुझ्छन् ३१ हजार पेन्सन)

■ जसले संवैधानिक अंगमा रहँदाको समयसमेत थपी बढाएर एकमुस्ट बुझे पेन्सन

अधिकांश पदाधिकारीले संवैधानिक पदबाट निवृत्तिपछि त्यसको समेत पदावधि थपेर फेरि पेन्सनपट्टा बनाएका छन् । यसो गर्दा पेन्सन रकम ठुलो अंकमा बढ्छ । प्रमुख निर्वाचन आयुक्त भएपछि चार वर्ष पेन्सन रोकेका दिनेशकुमार थपलियाले गत वर्ष एकमुस्ट करिब २१ लाख रुपैयाँ बुझेका थिए । ६ वर्षे कार्यकाल सकेर हालै निर्वाचन आयोगबाट बाहिरिएपछि भने अवधि बढाएर पेन्सनपट्टा बनाएका छन् । निजामतीमा सेवामा योगदानबापत थपलियाको पेन्सन करिब ४५ हजार थियो, संवैधानिक पदाधिकारीका रूपमा ६ वर्ष अवधि पनि जोड्दा अब उनको पेन्सन ५८ हजार आठ सय रुपैयाँ पुगेको छ । वित्त आयोगका अध्यक्षबाट केही समयअघि निवृत्त भएका बालानन्द पौडेलले पनि यसै गरेका छन् । अघिल्ला महालेखा परीक्षक टंकमणि शर्मादिखि अख्तियारका अघिल्ला प्रमुख आयुक्त नवीन घिमिरेले पनि यही विधि पछ्याएका थिए । लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेशप्रसाद मैनालीले पनि पहिले पेन्सन नलिने भन्दै निवेदन दिए पनि पछि लिएका थिए । अस्ट्रेलियाको राजदूत नियुक्त भएपछि दोहोरो सुविधा नलिने घोषणा गरेका कैलाशराज पोखरेलले करिब दुई वर्षपछि राजदूतबाट फिर्ता भएर आएपश्चात् १४ लाख ६४ हजार पेन्सन बुझेका थिए ।

दोहोरो सुविधा नलिने पनि छन्

अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राई, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक डा. राजन खनाल, राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्मा, भाषा आयोगका सदस्य कृष्णप्रसाद न्यौपाने, बागमती प्रदेशको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गंगादत्त नेपाल, मधेश प्रदेश सभाका सचिव वासुप्रसाद कोइराला

● **प्रेमकुमार राई**, प्रमुख आयुक्त, अख्तियार



मैले पेन्सन नलिने घोषणा गरिसकेको छु । यो आफ्नो नैतिकताको विषय हो । सर्वोच्च अदालतको फैसलामा कानुन बनाउन भनिएको छ । तर, अहिलेसम्म कानुन बनेको छैन ।

■ पूर्वकार्यवाहक महालेखा परीक्षक सुकदेव भट्टराई भन्छन्-

सुशासनको पाठ सिकाउनेले आफैं दोहोरो सुविधा लिनु ठिक होइन



दोहोरो सुविधा लिने कुरालाई कानुनले रोकेको छैन । तर, नैतिकताका आधारमा दोहोरो सुविधा लिन पूरापूर रूपमा मिल्दैन । यो अनुचित हो । दोहोरो सुविधा लिन हुँदैन भनेर उतिबेला धेरै जोड पनि गरेका थियौं । पहिलाकाले दोहोरो सुविधा लिने परिपाटी बसाले । पछिकाले त्यसैलाई पछ्याए । राज्यमा निगरानी गर्ने, अनुगमन गर्ने र सुशासनको पाठ सिकाउनेले यसरी आफैं दोहोरो सुविधा लिनु ठिक होइन ।

■ मन्त्रिपरिषद्बाट दोहोरो सुविधा रोक्ने प्रस्ताव लगेर निर्णयसमेत गराएकी पूर्वसामान्य प्रशासनमन्त्री रेखा शर्मा भन्छिन्-

नैतिक विषय बाध्यकारी नभएको हुँदा यसलाई कानुन बनाएरै नियमन गर्नुपर्छ



राज्यको ढुकुटी एउटै हो । व्यक्तिले पारिश्रमिक र पेन्सन पनि लिने कुरा दोहोरो सुविधा हो । एउटै व्यक्ति राज्यकोषबाट दोहोरो रूपमा लाभान्वित हुनुहुँदैन भन्ने सैद्धान्तिक मान्यता हो । यो कुरा तल्लो तहकालाई लागू छ, तर माथिल्लो तहकालाई लागू भएको देखिँदैन । दोहोरो सुविधा देखिएपछि म मन्त्री छँदा रोक्ने निर्णय मन्त्रिपरिषद्बाट गरियो । यो निर्णयपछि धेरैले दोहोरो सुविधा छाड्नु पनि भयो । केहीले त्यतिखेर छाडे पनि पछि पुनः लिनुभयो । केही व्यक्ति अदालत जानुभएको थियो । अदालतले कानुन बनाएर रोक्ने फैसला गरिदियो । यस विषयमा कानुन बनाउनैपर्ने भएको छ । म अघिल्लोपटक राज्य व्यवस्था समितिमा हुँदा दोहोरो सुविधा रोक्ने व्यवस्था विधेयकमा समावेश गरिएको थियो । हामीकहाँ एकस्तरका मानिसहरू आफैं कानुन बनाउने प्रक्रियामा संलग्न हुन्छन् भने आफूअनुकूल कानुन बनाएर लाभ लिनमा पनि सहभागी छन् । दोहोरो सुविधा रोक्नुपर्छ । सरकारी सार्वजनिक पदमा छउन्जेल एउटा मात्र सुविधा लिनुपर्छ । यो सुशासनको विषय हो । राज्यको खर्चसँग जोडिएको र उत्तिकै नैतिक सवाल पनि हो । नैतिक विषय बाध्यकारी नभएको हुँदा यसलाई कानुन बनाएरै नियमन गर्नुपर्छ ।

■ सरकारले कालोबजारी रोक्ने व्यवस्था अध्यादेश ल्याएर ऐनबाटै हटायो


अहिले कार्टेलिङ र सिन्डिकेट नियन्त्रण गर्ने नीति सुनायो !

अजित अधिकारी / नयाँ पत्रिका

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सरकारले कार्टेलिङ र सिन्डिकेट नियन्त्रण गर्ने नीति पनि समेटेको छ । तर, यही सरकार, जसले चार महिनाअघि कालोबजारी रोक्ने व्यवस्थालाई अध्यादेश ल्याएर ऐनबाटै हटाएको थियो । कालोबजारी रोक्ने कानुनी रिक्तताको फाइदा लुट्दै उद्योगीले रड तथा सिमेन्टको मूल्य निरन्तर बढाइरहेका छन् ।

सरकारले २९ पुसमा अध्यादेशमार्फत 'कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२' मा संशोधन गरेको थियो । उक्त संशोधन संसद्बाट पारित गरेर राष्ट्रपतिबाट प्रमाणितसमेत भइसकेको छ । मूल ऐनमा

» पृष्ठ २ मा क्रमशः



माधव तिमिल्सिना, उपभोक्ता अधिकारकर्मी



कालोबजारी ऐनमा रहेको २० प्रतिशतभन्दा बढी नाफा लिन नपाउने व्यवस्था खारेज गर्नु नै उपभोक्तामाथिको अपराध हो । आउँदा दिनमा जति नै राम्रा नीति लिए पनि कालोबजारी ऐनमा रहेको पुरानो नीतिको ठाउँ लिन गाह्रो छ । बढी नाफा लिन नपाउने ऐनको अभावमा उद्योगीले अहिले मनपरी नाफा लिइरहेका छन् ।


कुमारप्रसाद दाहाल, महानिर्देशक
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग



विद्यमान ऐन-कानुनअनुसार उत्पादकले जुन मूल्य तोक्छन्, त्यसलाई नै अन्तिम मूल्य मान्नुपर्ने अवस्था छ । उद्योगीको तोकेको वस्तुको मूल्यमा नियमन गर्ने अधिकार छैन ।

खलंगामा फेरि भारतको बलमिच्याइँ

नेपाली भूमिमै तटबन्ध उठाउँदै





गुगल म्यापमा लगाइएको रातो रेखा नेपाल-भारत सीमा हो । ०७० को बाढीमा महाकालीले धार परिवर्तन गरेपछि नेपालको केही भूभाग खलंगास्थित वीरेन्द्र वनको पारिपट्टि पुगेको छ । गुगल म्यापमा रातो घेरा लगाइएको भूभागमा भारतले उठाउँदै गरेको तटबन्ध तस्बिरमा स्पष्ट देखिएको छ ।

■ ओडिसामा नेपाली विद्यार्थीको मृत्यु प्रकरण

'छोरीको मृत्युको निष्पक्ष छानबिन गरियोस्'

जाँचबुझ गरी एक साताभित्र प्रतिवेदन बुझाउन भारतको राष्ट्रिय मानव अधिकार आयोगको निर्देशन

होस्टेलमा एउटै कोठामा रहने प्रिसाका साथी र होस्टेलका अन्यसहित १० जनासँग प्रहरीको सोधपुछ

प्रिसाको मोबाइल फोन, ल्यापटप जफत गरेर फरेन्सिक जाँचका लागि पठाइयो



प्रिसा साह



मृतक प्रिसाका बुबा श्यामलाल साह कलवार

नयाँ पत्रिका

भारतको ओडिसा भुवनेश्वरस्थित किट विश्वविद्यालयको छात्रावासमा मृत भेटिएकी नेपाली छात्रा प्रिसा साहका बुबाले घटनाको निष्पक्ष छानबिनको माग गरेका छन् । पुरीस्थित स्वर्गद्वार घाटमा छोरीको दाहसंस्कारपछि स्थानीय मिडियालाई प्रतिक्रिया दिँदै प्रिसाका बुबा श्यामलाल साह कलवारले भने, 'हामी घटनाको उचित अनुसन्धान गरी न्यायको माग गर्दछौं ।' गत बिहीबार दिउँसो ३ बजे छोरीसँग टेलिफोनमा कुरा गरेकामा सोही दिन राति मृत्युको खबर सुनेपछि श्यामलाल परिवारसहित भारत पुगेका थिए ।

प्रहरीले भने साहको मृत्यु घटनाको अनुसन्धानका जारी राखेको छ ।

» पृष्ठ २ मा क्रमशः

युजिसीले बनायो छानबिन समिति

किट विश्वविद्यालयमा अध्ययनरत नेपाली विद्यार्थी प्रिसा साहको मृत्यु प्रकरणमा छानबिनका लागि भारतको विश्वविद्यालय अनुदान आयोग (युजिसी)ले समिति बनाएको छ । किट विश्वविद्यालयको होस्टेलमा एकपछि अर्को आत्महत्याका घटना हुन थालेपछि इन्दिरा गान्धी खुला विश्वविद्यालयका उपकुलपति नागेश्वर रावको नेतृत्वमा चार सदस्यीय छानबिन समिति गठन गरेर १० दिनको समयावधि दिइएको हो । समितिमा राष्ट्रिय शैक्षिक योजना तथा प्रशासन संस्थानका उपकुलपति शशिकला वंजरी र बिहारको गया केन्द्रीय विश्वविद्यालयका पूर्वउपकुलपति एचसिएस राठौर सदस्य छन् । आयोगकी सहसचिव सुनिता सिवाचलाई समितिको समन्वय अधिकारी तोकिएको छ ।

युजिसीका सचिव मनीष जोशीलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले उल्लेख गरेअनुसार प्रिसाको मृत्यु घटनाको जाँच र आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन उपाय सुझाउन समितिलाई कार्यादेश दिइएको छ ।

दार्चुलाबाट **नरेन्द्रसिंह कार्की**

महाकालीबाट जोखिममा रहेको दार्चुला सदरमुकाम खलंगामा फेरि भारतले बलमिच्याइँ गरेको छ । ०७० को बाढीमा महाकालीले धार परिवर्तन गरेपछि खलंगास्थित वीरेन्द्र वनको पारिपट्टि पुगेको नेपाली भूमिमै भारतले एक महिनादेखि तटबन्ध निर्माण थालेको हो ।

महाकाली नगरपालिका-४ र ५ मा पर्ने यो भूभागमा झन्डै तीन सय मिटर लम्बाइको सात मिटर अग्लो तटबन्ध निर्माणका लागि हाल आधा दर्जन एक्स्काभेटर लगाएर नदी क्षेत्र खोतलिँदै छ । उक्त क्षेत्रनजिक भारतीय सेनाको ब्यारेक छ । निर्माण भइरहेको तटबन्धका कारण बाढी आउँदा महाकालीले नेपालतिर धार परिवर्तन गरेर ठुलो क्षति निम्त्याउने जोखिम बढेको छ ।

तीन वर्षअघि नै थालेको थियो निर्माण, दुवै देशका प्राविधिक टिमको स्थलगत भ्रमणपछि रोकिएको थियो

जिल्ला प्रशासनबाट पटक-पटक गरिएको आग्रहलाई अटेर गरेपछि कूटनीतिक पहलका लागि गृह मन्त्रालयबाट परराष्ट्रमा पत्राचार गरिएको दार्चुलाका प्रमुख जिल्ला अधिकारी (सिडिओ) अनिल पौडेलले बताए । 'तटबन्ध निर्माण र यहाँको वस्तुस्थितिबारे गृहमा रिपोर्टिङ गरेका छौं,' उनले भने, 'परराष्ट्र मन्त्रालयबाट कूटनीतिक पहल भइरहेको भन्ने जानकारी आएको छ ।'

भारतले तटबन्ध निर्माण थालेपछि जिल्ला प्रशासनले भारतीय प्रशासनलाई पत्र पठाएको थियो । १० चैत ०८१ मा पिथौरागढ जिल्ला अधिकारीलाई

» पृष्ठ २ मा क्रमशः

अहिले कार्टेलिङ...

पृष्ठ १ बाट क्रमशः

वस्तु बिक्रीबाट २० प्रतिशतभन्दा बढी नाफा लिन नपाउने र ऐनविपरीत नाफा लिएको प्रमाणित भए पाँच वर्षसम्म जेल वा जरिवाना वा दुवै सजाय व्यवस्था गरिएको थियो । ऐनमा रहेको यही प्रावधानका कारण बढी नाफा लिने उद्योगी-व्यवसायीलाई कारबाही गरेर महँगी नियन्त्रण हुँदै आएको थियो । तर, सरकारले अध्यादेशमार्फत ऐनमा रहेको सोही व्यवस्था खारेज गरेपछि ठुला उद्योगीले सिमेन्ट, डन्डीलगायत वस्तु बिक्रीमा कृत्रिम मूल्यवृद्धि गर्दै आएका छन् । उद्योगमन्त्री स्वयंले ऐनको अभाव देखाउँदै उद्योगीलाई कारबाही गर्न नसक्ने निरीह जवाफ दिने गरेका छन् ।

कानुनी व्यवस्था नै हटाएको सरकारले ल्याएको आगामी आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रमको बुँदा नम्बर ५२ मा भनिएको छ, 'कालोबजारी, सिन्डिकेट, कार्टेलिङ आदि नियन्त्रण गरी बजारलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्तामैत्री बनाइनेछ ।' तर, भएको व्यवस्था खारेज गरेर उद्योगीको पक्षपोषण गरिरहेको सरकारले मूल्य नियन्त्रण गरेर उपभोक्तालाई राहत दिन्छ भनेर पत्याउने आधार नभएको उपभोक्ता अधिकारकर्मीहरू बताउँछन् ।

'कालोबजारी ऐनमा रहेको २० प्रतिशतभन्दा बढी नाफा लिन नपाउने व्यवस्था खारेज गर्नु नै उपभोक्तामाथिको अपराध हो,' उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना भन्छन्, 'आउँदा दिनमा जति नै राम्रा नीति लिए पनि कालोबजारी ऐनमा रहेको पुरानो नीतिको ठाउँ लिन गाह्रो छ । बढी नाफा लिन नपाउने ऐनको अभावमा उद्योगीले अहिले मनपरी नाफा लिइरहेका छन् ।'

ऐनमा भएको व्यवस्था संशोधनपछि उद्योगीले तोकेको मूल्यलाई नै अंकित मूल्य मान्नुपर्ने अवस्था रहेको अनुगमनकारी निकाय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक कुमारप्रसाद दाहालले बताए । 'विद्यमान ऐन-कानुनअनुसार उत्पादकले जुन मूल्य तोक्छन्, त्यसलाई नै अन्तिम मूल्य मान्नुपर्ने अवस्था छ,' दाहालले भने, 'उद्योगीको तोकेको वस्तुको मूल्यमा नियमन गर्ने अधिकार छैन ।'

कालोबजारीसम्बन्धी व्यवस्था नै हटेपछि विभागले अहिले उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार बजार अनुगमन गरिरहेको छ । सो ऐनले उत्पादकले तोकेको मूल्यलाई नै अन्तिम मूल्य मान्नुपर्ने व्यवस्था छ । त्यसैले विभागले अहिले उद्योगबाट तोकिएको अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयनका लागि सक्रियता देखाइरहेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले भने नाफामा सीमा तोक्दा स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित गर्न गाह्रो पर्ने बताए । 'विदेशमा सात सय प्रतिशतसम्म नाफा लिन पाउने व्यवस्था भएकाले लगानीकर्ता आकर्षित छन् । हामीकहाँ २० प्रतिशतभन्दा बढी नाफा लिन नपाउने कानुन अव्यावहारिक भयो भनेर संशोधन गरिएको हो,' मन्त्री भण्डारीले भने ।

'छोरीको...

पृष्ठ १ बाट क्रमशः

होस्टेलमा एउटै कोठामा रहने प्रिसाका साथी र होस्टेलका अन्यसहित १० जनासँग प्रहरीले सोधपुछ गरिसकेको भारतीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् । प्रहरीले प्रिसाको मोबाइल फोन, ल्यापटप जफत गरेर फरेन्सिक जाँचका लागि पठाइसकेको छ । तीन फरेन्सिक चिकित्सकले पोस्टमार्टम गरेको ओडिसा प्रहरीका एडिसनल डेपुटी कमिसनर प्रकाशचन्द्र पालले बताए । 'पोस्टमार्टम रिपोर्ट आउन केही दिन लाग्छ, त्यसपछि उनको मृत्युको कारणसहित विस्तृत जानकारी थाहा हुन्छ,' दिल्लीस्थित नेपाली दूतावासका काउन्सिलर सञ्जीव शर्मा दासले भने । सर्लाहीको कविलासी नगरपालिका-८ स्थायी घर भएको प्रिसाको परिवार वीरगन्ज महानगरपालिका- १५ भिस्वा बस्दै आएको छ । उनी बिटेक प्रथम वर्षमा अध्ययन गर्थिन् ।

त्यस्तै, भारतको राष्ट्रिय मानव अधिकार आयोगले प्रिसाको मृत्यु घटनाको गम्भीर जाँचबुझ गरी एक साताभित्र प्रतिवेदन बुझाउन भनेको छ । आयोगले ओडिसाका मुख्यसचिव र प्रहरी महानिर्देशक (डिजिपी)का नाममा सूचना जारी गर्दै साहको मृत्यु प्रकरणमा गम्भीर जाँचबुझ गर्न भनेको हो । आयोगले ९ मे अर्थात् २७ वैशाखभित्र जाँचबुझ अनुसन्धान सम्पन्न गर्न निर्देशन दिँदै यसअघि नेपाली छात्रा प्रकृति लम्सालको मृत्यु प्रकरणका सन्दर्भमा भएका कारबाहीको प्रतिवेदन पेस गर्न पनि भनेको छ ।

आयोगले नेपाली छात्राको मृत्युप्रति गम्भीर चासो व्यक्त गर्दै आवश्यक परेमा अनुसन्धानका लागि टोली ओडिसा जाने पनि बताएको छ । 'आवश्यक परेमा आयोगको टोली यस विषयमा अनुसन्धान गर्न भुवनेश्वर आउनेछ । हाम्रो सर्वोच्च प्राथमिकता विद्यार्थीको सुरक्षा हो,' आयोग सदस्य प्रियांक कानुंगोलाई उद्धृत गर्दै ओडिसा टिभी अनलाइनले समाचार लेखेको छ । आयोगको सर्वोच्च प्राथमिकतामा विद्यार्थीको हित रहेको र बारम्बार भइरहेका मृत्युका घटनाको अनुसन्धान गर्न उनले बताएका छन् ।

'किट विश्वविद्यालय, भुवनेश्वरको होस्टेलमा एक नेपाली विद्यार्थी शंकास्पद अवस्थामा मृत फेला परेकी छिन् । तीन महिनाभित्र विश्वविद्यालयमा दोस्रो यस्तो घटना हो । यो मुद्दाले विदेशी विद्यार्थीको सुरक्षाबारे गम्भीर चिन्ता उठाएको छ । आयोगमा परेको उजुरीमा लगाइएका आरोपहरू पहिलो नजरमा पीडितको मानव अधिकारको गम्भीर उल्लंघन भएको देखिन्छ,' आयोगको पत्र उद्धृत गर्दै ओडिसाका सञ्चारमाध्यमले लेखेका छन् ।

यसअघि प्रकृति लम्सालको मृत्युको जाँचबुझ गर्न गठित आयोगको टोलीले किट प्रशासनको लापरबाहीलाई जिम्मेवार ठहर गरेको थियो । आयोगले विद्यार्थीको सुरक्षामा लापरबाही गरेको पनि जनाएको थियो । उक्त घटनामा किटले माफी मागेको थियो भने लम्सालको मृत्युको विरोधमा उत्रेका नेपाली विद्यार्थी निकाला गर्ने निर्णय र दुर्व्यवहारप्रति क्षमायाचना गरेको थियो । विश्वविद्यालयले लम्सालको नाममा हरेक वर्ष एकजना नेपाली विद्यार्थीलाई किटमा पूर्ण छात्रवृत्ति दिने घोषणा पनि गरेको छ । किटमा भारतीयपछि दोस्रो ठुलो संख्या नेपाली विद्यार्थीको छ । नेपाली विद्यार्थीको संख्या १२ सयभन्दा बढी छ ।

Government of Bagmati Province
Ministry of Water Resources,Energy and Irrigation
Water Resources and Irrigation Development Division Office
Bharatpur, Chitwan

Notice of Intention to Award Contract

Date of publication: 4th May 2025

As per our invitation for Bid published on "Naya Patrika " National Daily on 2nd March 2025 with Submission of Bids up to 12:00 hrs, 1st April 2025 and their evaluation, this is to notify to all the concerned bidders who submitted their bids for below mentioned package that the Lowest Evaluated Substantially Responsive bidder as indicated below has been selected to be award the contract. This notice has been published pursuant to clause 27 (2) and 27(3) of Public Procurement Act 2063 for purpose of clause 47 of the same Act.

S.N.	Bid No.	Contractor	Bid Price (Excluding VAT & Including PS)
1.	WRIDDCHIT/DHODENI/ NCB-04/81-82	M/S GAUTAM NIRMAN SEWA, PATIHANI-4, CHITWAN	NRs 1,93,11,583.70

Division Chief

उग्रचण्डी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
प्युठा, न्युरोड, काठमाडौं फोन नं. ०१-४१५७५४५, ४१५७५४६
Email : ugrachandi.saving@gmail.com

डाँक बढाबढ बाट धितो लिलाम गर्ने बारेको ३५ दिने सूचना

(सूचना प्रकाशित मिति : २०८२/०१/२१)

यस संस्थाको तपसिलमा उल्लेखित ऋणीले संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज, हर्जाना र अन्य दै दस्तुर रकम समेत तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै मिति २०८१।१०।३० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना प्रकाशित गर्दा पनि कर्जा चुक्ता गर्न तर्फ चासो नदेखाई कर्जा चुक्ता नगरेकोले तथा संस्थामा सम्पर्क समेत नगरेकोले यो सूचना प्रकाशित गरिएको छ । यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेख गरिएको अचल सम्पत्ति जग्गाहरू तथा कुनै निर्माण भए सो लगायतका सम्पूर्ण लिग लगापात समेत जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढ द्वारा लिलाम बिक्रीको लागि सहकारी ऐन २०७४ को दफा ७९ र नियमावली २०७५ को नियम ३० बमोजिम धितो वापतको सम्पत्ती लिलाम बिक्रीका लागि यो सूचना प्रकाशित गरिएको छ । लिलाम डाँक बढाबढ गरी लिन इच्छुक व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन (उक्त दिन बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) तोकिएको समयानुसार यस सहकारी संस्थाको कार्यालय प्युठा, न्युरोड, काठमाडौंमा उपस्थित भई डाँक बढाबढमा भाग लिनुहुन सूचित गरिन्छ । साथै सुरक्षण वापत संस्थाको नाममा अचल सम्पत्ति धितो लेखिदिनुहुने तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराइएको छ । तर धितो लेखिदिनुहुने तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरू उपस्थित नभएका कारणले मात्र लिलामी प्रक्रिया गर्न बाधा पर्ने छैन । साथै सुरक्षणमा रहको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा जमानी बस्ने व्यक्तिहरूको नाममा रहेको चलअचल जायजेथाबाट असुल उपर गर्नुका साथै सहकारी ऐन २०७४ को दफा ८० बमोजिमको कालो सूचीमा नाम समावेश गरी दफा ८१ बमोजिम स्थापित कर्जा सूचना केन्द्रमा लेखी पठाउने समेत सूचित गरिन्छ ।

तपसिल

ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
 कृष्ण बहादुर लामाको नाति साङ्ले लामाको छोरा काठमाडौं जिल्ला गोलढुङ्गा गा.वि.स. वडा नं.४ (परिवर्तित तारकेश्वर न.पा. वडा नं.५) स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं.२७१०३५/३६०३२ मिति २०६५/१२/२० जि.प्र.का. काठमाडौं, वर्ष ३४ को **रुकेश लामा रुम्वा** **धितोको विवरण** कृष्ण बहादुर लामाको नाति साङ्ले लामाको छोरा काठमाडौं जिल्ला गोलढुङ्गा गा.वि.स. वडा नं. ४ (परिवर्तित तारकेश्वर न.पा. वडा नं.५) स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं.२७१०३५/३६०३२ मिति २०६५/१२/२० जि.प्र.का. काठमाडौं, वर्ष ३४ को **रुकेश लामा रुम्वा**को नाउँमा एकलौटी दर्ता स्रेस्ता कायम रहेको काठमाडौं जिल्ला गोलढुङ्गा गा.वि.स. वडा नं.९क मा रहेका कि.नं. ८५, ८३, १३३ र ८९ को जग्गा क्षे.फ. क्रमशः ०-२-२-०, ०-७-२-०, ०-७-०-० र ०-१०-१-० गरि जम्मा क्षे.फ.१-११-१-० (एक रोपनी एघार आना एक पैसा मात्र) तथा माथि उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	 वीर मान लामाको नाति कृष्ण बहादुर लामाको छोरा काठमाडौं जिल्ला गोलढुङ्गा गा.वि.स. वडा नं. ४ (परिवर्तित तारकेश्वर न.पा. वडा नं. ५) स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं. ३२६२-५६६८-५०६१९ मिति २०४२/०६/२१ जि.प्र.का. काठमाडौं, वर्ष ५९ को **साङ्ले लामा**  कृष्ण बहादुर लामाकी नातिनी साङ्ले लामाकी छोरी काठमाडौं जिल्ला तारकेश्वर न.पा. वडा नं. ५, स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं.२७-०१-७८-०८८५८८ मिति २०७८/०८/२८ जि.प्र.का. काठमाडौं, वर्ष २२ की **रिक्साङ लामा**
 भैरव बहादुरकी नातिनी कर्ण बहादुर भण्डारीकी छोरी, उदय बहादुर थापाकी बुहारी ललित बहादुर थापाकी पत्नी सिराहा जिल्ला चन्द्रलालपुर गा.वि.स. वडा नं.५ (परिवर्तित गोलबजार न.पा. वडा नं.८) स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने ना.प्र.नं.१८६३३५५६ मिति २०५६/११/२५ जि.प्र.का. सिराहा, वर्ष ६० की **जया कुमारी थापा** **धितोको विवरण** भैरव बहादुरकी नातिनी कर्ण बहादुर भण्डारीकी छोरी, उदय बहादुर थापाकी बुहारी ललित बहादुर थापाकी पत्नी सिराहा जिल्ला चन्द्रलालपुर गा.वि.स. वडा नं.५ (परिवर्तित गोलबजार न.पा. वडा नं. ८) स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने ना.प्र.नं. १८६३३५५६ मिति २०५६/११/२५ जि.प्र.का. सिराहा, वर्ष ६० की **जया कुमारी थापा**को नाउँमा एकलौटी दर्ता स्रेस्ता कायम रहेको ललितपुर जिल्ला लामाटार गा.वि.स. वडा नं.५ठ मा रहेको कि.नं. ७४ को जग्गा क्षे.फ.०-१०-०-० (दश आना मात्र) तथा माथि उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	 वहादुर थापाको नाति उदय वहादुर थापाको छोरा सिराहा जिल्ला गोलबजार न.पा. वडा नं.८ स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने ना.प्र.नं. ४५४/०२० मिति २०२०/१२/०९ अञ्चलाधीशको कार्यालय कोशी, विराटनगर, मोरङ्ग वर्ष ७९ को **ललित वहादुर थापा**

लिलामका शर्तहरू :

१. लिलामको अन्तिम पटक सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्तिले आफूले बोलकबोल गरेको रकमको १० प्रतिशतले हुने रकम नगद धरौटीबापत तुरुन्त यस संस्थामा बुझाउनुपर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबैभन्दा बढी रकम कबुल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
३. अन्तिम बोलकबोल गर्ने व्यक्तिले सहकारीबाट लिलाम स्वीकृत भएको सूचना प्राप्त गरेको मितिले ७ (सात) दिनभित्र बाँकी रकम नबुझाएमा धरौटीबापत बुझाएको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. तोकिएको लिलामका दिन सरकारी बिदा परेमा वा सहकारी बिदा परेमा त्यसको लगत्तै सरकारी तथा सहकारीको कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ ।
५. डाँक बढाबढको नतिजा डाँक बढाबढ भएको भोलिपल्ट सहकारी संस्थाको कार्यालयमा रहेको सूचना पाटीमा प्रकाशित गरिनेछ ।
६. डाँक बढाबढ गर्दा सबैभन्दा बढी रकम कबुल्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ ।
७. डाँक बढाबढ हुने दिन अगावै ऋणीको तर्फबाट संस्थाको नियमानुसार संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण साँवा ब्याज लगायतका रकमहरू बुझाएमा संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ ।
८. डाँक बढाबढबाट लिलाम बिक्री गरिने धितो निरिक्षण गर्न चाहनुहुने महानुभावहरूले सहकारी संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. डाँक बढाबढ यस उग्रचण्डी बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २२ प्युखा, न्युरोड, काठमाडौंमा १०:३० बजे देखि ३:०० बजे सम्म हुनेछ ।
१०. डाँक बढाबढ लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले बेहोर्नुपर्नेछ ।
११. डाँक बढाबढ लिलाम बिक्री गरेको सम्पत्ति दाखिल खारेज नामसारी गर्दा नियमानुसार लाग्ने सम्पूर्ण शुल्क तथा दस्तुर आदि खर्चहरू खरिदकर्ताले बेहोर्नु पर्नेछ ।
१२. कुनै पनि कारण खुलाई वा नखुलाई डाँक बढाबढ लिलाम स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थासँग नै सुरक्षित रहनेछ ।
१३. सहकारी ऐन २०७४ तथा नियमावली २०७५ अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले पनि डाँक बढाबढमा भाग नलिएमा उल्लेखित सम्पत्तिको स्वामित्व सहकारी संस्थाले आफूमा लिन सक्नेछ ।

संवैधानिक निकायका...

पृष्ठ १ बाट क्रमशः

पदमा नियुक्तिका लागि योग्यतासम्बन्धी व्यवस्था छ । यस योग्यतामा 'उच्च नैतिक चरित्र भएको' हुनुपर्ने बुँदा पनि उल्लेख छ । उच्च नैतिक चरित्र भएको हुनुपर्ने योग्यतासम्बन्धी यो व्यवस्था महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, वित्त आयोगका हकमा पनि छ ।

तर, राष्ट्रसेवकलाई नैतिकता र कानुनको सबक सिकाउने तथा छानबिन गरी मुद्दा दायर गर्ने संवैधानिक अंग अख्तियारका तीन आयुक्तमाथि नै अहिले नैतिकताको ठुलो प्रश्न छ । उनीहरू आयुक्तको हैसियतमा तलब बुझ्छन् र पूर्वप्रशासकको हैसियतमा पेन्सन पनि लिन्छन् । नयाँ पत्रिकालाई प्राप्त विवरणअनुसार डा. हरि पौडेलले मासिक करिब ६१ हजार रुपैयाँ पेन्सन बुझ्छन् । निजामती सेवामा करिब ४१ वर्ष गुजारेका उनी सचिवमा बहाल छँदै त्यसलाई छाडेर अख्तियारको आयुक्तमा बाजी मारेर गएका थिए । तत्कालीन सचिव डा. पौडेलले सेवा अवधि तीन वर्ष छँदै अख्तियारमा नियुक्ति पाएका थिए । २६ वैशाख ०७८ मा अख्तियारको आयुक्तमा सिफारिस भएका उनी संसदीय सुनुवाइविना नै १० असारमा आयुक्तमा नियुक्त भएका थिए । अख्तियारकै अर्का आयुक्त जयबहादुर चन्दले पनि करिब ४९ हजार रुपैयाँ पेन्सन बुझ्छन् । उनी प्रहरीको सेवाबाट अवकाश पाएपछि अख्तियारको आयुक्त बनेर गएका थिए । उच्च अदालतको न्यायाधीश रहँदै आयुक्तमा नियुक्ति पाएका किशोरकुमार सिलवाललेे ५४ हजार सात सय रुपैयाँ पेन्सन मासिक बुझ्छन् । उनले ३६ वर्ष न्यायसेवामा गुजारेका थिए ।

त्यस्तै, देशको आर्थिक तथा वित्तीय प्रणालीको लेखापरीक्षण गर्ने संवैधानिक अधिकारप्राप्त महालेखा परीक्षकले नै दोहोरो सुविधा बुझ्छन् । महालेखा परीक्षक तोयम रायाले नियमित पेन्सन बुझ्ने गरेका छन् । अघिल्लो वर्ष ६ वैशाख ०८१ मा राया महालेखा परीक्षक नियुक्त भएका थिए । निजामती सेवामा २९ वर्ष गुजारेका रायाले ४५ हजार रुपैयाँ मासिक पेन्सन नियमित बुझ्ने गरेका छन् ।

राष्ट्रसेवक कर्मचारीको परीक्षा हुँदै नियुक्ति सिफारिस गर्ने लोकसेवा आयोगका प्रमुखसहित तीनजना पदाधिकारी पनि नियमित पेन्सन बुझ्दै आएका छन् । आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले करिब ५९ हजार रुपैयाँ नियमित पेन्सन बुझिरहेका छन् । नेपाल सरकारको सचिव पदबाट अवकाश भएका उनले निजामती सेवामा ४१ वर्ष गुजारेका थिए ।

आयोगकै सदस्य माधव बेल्बासेले पनि करिब ५१ हजार रुपैयाँ पेन्सन बुझ्छन् । सचिवमा बहाल छँदै नियुक्ति पाएपछि उनी लोकसेवा गएका थिए । उनले ३३ वर्ष निजामतीमा गुजारेका छन् । लोकसेवाकै अर्का सदस्य वीरबहादुर राई पनि दोहोरो सुविधा बुझ्नेमा पर्छन् । ३५ वर्ष निजामतीमा गुजारेका वीरबहादुर राईले लोकसेवाको तलबका अतिरिक्त साढे ५३ हजार रुपैयाँ मासिक पेन्सन बुझिरहेका छन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सदस्य अमरराज मिश्र पनि पेन्सन खानेहरूको सूचीमा पर्छन् । लेखाको उपसचिवबाट अवकाश पाएपछि आयोगमा नियुक्ति पाएका उनले अहिले मासिक करिब ३१ हजार रुपैयाँ पेन्सन बुझ्छन् ।

निवृत्तिभरण व्यवस्थापन कार्यालयका विष्णुप्रसाद खरेलले कानुनले दोहोरो सुविधा नरोकेकाले लिने-नलिने व्यक्तिको नैतिकताको विषय हुने बताए । 'अवकाशपछि नियुक्ति लिनुभएका प्रायःले पेन्सन पनि बुझिरहनुभएको छ । कतिपयले पेन्सन नलिने निवेदन दिए पनि पछि लिनुभएको छ । ऐनले दिएको सुविधाबमोजिम सम्बन्धित व्यक्तिले दिएको निवेदनका आधारमा कार्यालयले संवैधानिक पदावधि पेन्सनमा जोड्ने पनि गरेको छ,' उनले भने, 'सर्वोच्च अदालतको फैसलाले दोहोरो सुविधा लिन नरोकेको अवस्थामा केही भन्न मिल्दैन । यो सम्बन्धित व्यक्तिले जान्ने विषय हो ।'

दोहोरो सुविधा व्यवस्थापनप्रति सरकार र सम्बन्धित निकायको ध्यान नजाँदा यसको लाभ लिइरहेकाहरू यसलाई आफ्नो अधिकार ठान्छन् । 'यो गोप्य कुरा हो, मैले कानुनबमोजिम गरेको छु,' मासिक करिब-करिब ५९ हजार पेन्सन बुझ्ने गरेको लोकसेवा आयोगका अध्यक्ष रेग्मीले नयाँ पत्रिकासँग भने ।

यस्तै, अख्तियारका आयुक्त जयबहादुर चन्दले भने, 'पेन्सन लिने गरेको छु । यसमा सर्वोच्चकै फैसला छ । त्यसै लिएको होइन । मैले ३० वर्ष सेवा गरेको सुविधा हो ।' महालेखा परीक्षक रायाले पनि पेन्सन लिने गरेको स्वीकार गरे । 'मैले पेन्सन लिन्छु । मासिक रूपमा आउँछ । कति छ हेर्नुपर्छ,' उनले नयाँ पत्रिकासँग भने, 'पहिले नपाउने भनेर अदालतमा मुद्दा परेको थियो । अदालतले नपाउने भनेको छैन । फैसला भएपछि प्रायःले लिए । लिन नपाउने व्यवस्था भए छाड्ने हो ।'

राष्ट्र बैंकको पछिल्लो प्रतिवेदनअनुसार चालू आर्थिक वर्षको चैत मसान्तसम्म नेपालको सार्वजनिक ऋण २६ खर्ब ६७ अर्ब (गत चैतसम्मको) छ । मुलुकको आर्थिक अवस्था दिनप्रतिदिन चुनौतीपूर्ण बन्दै गएका वेला संवैधानिक अंगका पदाधिकारीबाट उच्च नैतिकता अपेक्षित हुन्छ ।

संवैधानिक अंगमा रहँदाको समयसमेत जोडेर पेन्सनपट्टा बुझ्नेमा को-को छन् ?

राष्ट्रसेवकबाट अवकाश वा राजीनामा दिएर संवैधानिक अंगमा नियुक्ति प्राप्त गरेपछि दोहोरो सुविधा लिनु त छँदै छ, पेन्सन लिँदा पनि संवैधानिक पदाधिकारीका रूपमा पट्टा बनाउने गरेका छन् । सरकारी सेवाबाट अवकाशपछि सेवा अवधिका आधारमा पेन्सनपट्टा बनाएका उनीहरूले संवैधानिक पदबाट निवृत्तिपछि त्यसको पदावधिसमेत थपेर पेन्सनपट्टा बनाउने प्रचलन देखिएको छ । यसो गर्दा पेन्सन रकम ठुलो अंकमा बढ्छ ।

६ वर्षे कार्यकाल सकेर प्रमुख निर्वाचन आयुक्तबाट हालै अवकाश भएका दिनेशकुमार थपलियाले यसै पनि गरे । सचिवको पदावधि बाँकी छँदै राजीनामा दिएर प्रमुख आयुक्त बनेका उनको निजामती सेवामा योगदान गरेबापतको पेन्सन अंक करिब ४५ हजार रुपैयाँ थियो । यसमा संवैधानिक पदाधिकारीका रूपमा रहेको ६ वर्षे अवधि पनि जोड्दा उनको पेन्सन ५८ हजार आठ सय रुपैयाँजति पुग्छ ।

संवैधानिक पदाधिकारीले पदबाट निवृत्त भएपछि नयाँ पेन्सनपट्टा बनाउँछन् । निजामतीका हकमा निजामती सेवा ऐनको पेन्सनको गणना विधि छ । २० वर्ष वा सोभन्दा बढी समय सरकारी सेवा गरेका निजामती कर्मचारीलाई पेन्सन दिइन्छ । यसको गणना विधि जम्मा सेवा वर्ष गुणन आखिरी तलबको रकम भाग ५० छ । निर्वाचन आयुक्त भएपछि लामो समय पेन्सन रोकेका उनले गत वर्ष भने करकट्टी गरेर एकमुस्ट करिब २१ लाख रुपैयाँ बुझेका थिए ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्षबाट केही समयअघि निवृत्त भएका बालानन्द पौडेलले पनि यसै गरेका छन् । संवैधानिक नियुक्तिअघिको हिसाबअनुसार ४२ हजार सात सय रहेको उनको पेन्सन संवैधानिक पदावधिसमेत जोडेपछि ५६ हजार रुपैयाँ पुग्यो । अघिल्ला महालेखा परीक्षक टंकमणि शर्मादेखि अख्तियारका अघिल्ला प्रमुख आयुक्त नवीन घिमिरेले पनि यही विधि पछ्याएका थिए । पौडेल, शर्मा र घिमिरे सबैले तलबसँगै पेन्सन पनि बुझ्दै थे । लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेशप्रसाद मैनालीले पनि पहिले पेन्सन नलिने भन्दै निवेदन दिएर पछि लिएका थिए । लोकसेवादेखि अख्तियारसम्मका पूर्वपदाधिकारी अधिकांशले दोहोरो सुविधा लिएका छन् ।

यसअघि अस्ट्रेलियाका लागि नेपालका राजदूत रहेका कैलाशराज पोखरेलले एकमुस्ट १४ लाख ६४ हजार रुपैयाँ पेन्सन बुझे । सहसचिवबाट अवकाश भएका उनी १२ असार ०७९ मा अस्ट्रेलियाको राजदूत नियुक्त भएका थिए । राजदूत नियुक्त भएपछि उनले दोहोरो सुविधा नलिने घोषणा गर्दै पेन्सन त्यागको घोषण गरेका थिए । तर, करिब दुई वर्षपछि राजदूतबाट फिर्ता भएर आएपश्चात् उनले करिब साढे १४ लाख पेन्सन बुझेका थिए ।

संवैधानिक निकायका पदाधिकारीको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन, २०५३ को दफा १८ मा यससम्बन्धी व्यवस्था छ । उक्त दफाको उपदफा १ मा संवैधानिक निकायका पदाधिकारीको पदमा नियुक्त भएको व्यक्ति सो पदबाट अवकाश प्राप्त गरेपछि निजले निवृत्तिभरण वा उपदान पाउनेबारे व्यवस्था छ । उपदफाको खण्ड (क) मा संवैधानिक निकायका पदाधिकारीको पदमा १० वर्ष सेवा अवधि पूरा गरिसकेको भए आफ्नो मासिक पारिश्रमिकको ६६ प्रतिशत रकम मासिक निवृत्तिभरण पाउने व्यवस्था छ ।

खण्ड (ख) मा संवैधानिक पदमा वा नेपाल सरकारको सेवामा बहाल रहेको वा बहाल गरिसकेको व्यक्ति संवैधानिक निकायका पदाधिकारीको पदमा नियुक्त भई सेवाबाट अवकाश पाएमा निजले त्यसरी अघि गरेको सेवा अवधि र संवैधानिक निकायका पदाधिकारीको पदमा काम गरेको सेवा अवधि जोड्दा २० वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा हुने रहेछ भने निजले खण्ड (क) बमोजिमको मासिक निवृत्तिभरण वा जम्मा सेवा अवधि गुणन गरी मासिक पारिश्रमिक भाग ५० को हिसाबमा पेन्सन पाउने व्यवस्था छ ।

जसले लिएका छैनन् दोहोरो सुविधा

अवकाशपछि नियुक्ति लिएकामध्ये कतिपय पदाधिकारीले दोहोरो सुविधा नलिएर उदाहरण पेस गरेका छन् । अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईले आयोगमा नियुक्ति पाएपछि निवृत्तिभरण व्यवस्थापन कार्यालयमा निवेदन दिएर पेन्सन नलिने घोषणा गरेका थिए । अहिले उनको खातामा पेन्सन जाँदैन । लिएको अवस्थामा उनको पेन्सन करिब ५१ हजार रुपैयाँ आउँथ्यो । उनी ३७ वर्ष निजामती सेवामा थिए ।

नियुक्ति पाएपछि पेन्सन नलिनेमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक डा. राजन खनाल पनि छन् । नियुक्ति पाएपछि पेन्सन नलिने भनेर उनले ०७७ असारमा निवेदन दिएका थिए ।

त्यस्तै, राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले पनि पेन्सन नलिने घोषणा गरेर ०७८ माघदेखि रकम बुझेका छैनन् । भाषा आयोगका सदस्य कृष्णप्रसाद न्यौपानेले ०७९ साउनमा पेन्सन रोक्ने निवेदन दिएका थिए ।

पेन्सन नलिनेको सूचीमा बागमती प्रदेशको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गंगादत्त नेपाल पनि छन् । उनले गत पुसमा पेन्सन रोक्ने निवेदन दिएका थिए । मधेश प्रदेश सभाका सचिव वासुप्रसाद कोइरालाले पनि गत पुसमा पेन्सन रोक्ने निवेदन दिएका थिए ।

अख्तियारका प्रमुख आयुक्त राई दोहोरो सुविधाबारे कानुन नभए पनि नैतिकताको विषय भएको बताउँछन् । 'मैले पेन्सन नलिने घोषणा गरिसकेको छु । यो आफ्नो नैतिकताको विषय हो । सर्वोच्च अदालतको फैसलामा कानुन बनाउन भनिएको छ । तर, अहिलेसम्म कानुन बनेको छैन,' उनले नयाँ पत्रिकासँग भने ।

दोहोरो सुविधा रोक्ने पटक-पटकको निर्णय

पारिश्रमिक र निवृत्तिभरण दुवै सुविधा एकसाथ लिन नहुने भन्दै तत्कालीन सामान्य प्रशासन मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गरेर १८ कात्तिक ०६१ मा सरकारी निकायमा परिपत्र गरेको थियो

भ्रष्टाचार नियन्त्रण, सेवाप्रवाह र सार्वजनिक प्रशासन सुधार गर्न सरकारी कार्यक्रममा देखिएन स्पष्ट नीति

फजुल खर्च रोक्न अनावश्यक संरचना खारेज गर्ने, गाभ्ने र हस्तान्तरण गर्ने नीति घोषणामै सीमित

नयाँ पत्रिका

सरकारले ल्याएको आगामी आवको नीति तथा कार्यक्रममा भ्रष्टाचार नियन्त्रण, सेवाप्रवाह र सार्वजनिक प्रशासनका विषय समेटेको छ। तर, यी विषय विल्कुल नयाँ भने छैनन्। मुख्यतया, विगतकै कार्यक्रमको निरन्तराका रूपमा योजना तथा कार्यक्रम समेटिएका छन्।

अनावश्यक सार्वजनिक संरचना खारेज गर्ने, गाभ्ने वा पुनर्संरचना गरिने विषय नीति तथा कार्यक्रममा समेटिएको छ। तर, यो कार्यक्रम साबिककै निरन्तरता हो। विगत केही वर्षयता सरकारले निरन्तर रूपमा यो विषयलाई नीति तथा कार्यक्रममा समेटेको छ। यसको न्यून कार्यान्वयन भए पनि ठुलो संख्यामा खारेज, गाभ्ने र पुनर्संरचना गर्नयोग्य संरचना यथावत् चलिरहेका छन्। फजुल खर्च रोक्न अनावश्यक संरचना खारेज गर्ने, गाभ्ने र हस्तान्तरण गर्ने विषयलाई सरकारले घोषणामै सीमित गरिरहेको छ। नीति तथा कार्यक्रममा सार्वजनिक सेवालाई प्रभावकारी बनाउन 'फेसलेस सेवा'को विस्तार गर्ने पनि उल्लेख छ। यो कार्यक्रम पनि विगतदेखि सरकारले घोषणा गर्दै आएकै कार्यक्रम हो। नागरिक एपलाई सेवा प्रदान गर्ने मुख्य डिजिटल उपकरणको रूपमा विश्वास गरी सम्भव भएसम्मका सबै सेवा अनलाइन गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ।

संघीय शासन प्रणालीमा सेवाप्रवाहको प्रभावकारिताका लागि संघ, प्रदेश, र स्थानीय तहका सरकारहरूको कामकारबाहीमा समन्वय र सहकार्य अभिवृद्धि गरिने नियमित खालको कार्यक्रम पनि नीति तथा कार्यक्रममा समेटिएको छ। तीन तहका सरकारबिच संघीयता कार्यान्वयनमा देखिएका द्विविधा हटाउन तयार गरिएको कार्य विस्तृतीकरण प्रतिवेदन आवश्यक परिमार्जनसहित लागू गरिने घोषणा पनि उल्लेख छ। संघीयता कार्यान्वयनका क्रममा देखिएका अधिकार क्षेत्रका अनेकौं द्विविधा र विवादलाई सुल्झाउन सरकारले कार्य विस्तृतीकरण परिमार्जन गर्ने भनेको वर्षौं भइसकेको छ।

गत १६ असार ०८० मा पोखरामा आयोजित राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठकले तहगत सरकारबिच अधिकार क्षेत्रको कार्यान्वयनमा देखिएको अस्पष्टता र दोहोरोपन हटाउन ६ महिनाभित्र कार्य विस्तृतीकरण परिमार्जन गरी तीनै तहको अधिकारमा स्पष्टता ल्याउने निर्णय गरेको थियो। यही निर्णयका आधारमा सरकारले यसको गृहकार्य अघि बढाएको थियो। परिषद् बैठकले कार्य विश्लेषणमा परिमार्जनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवको संयोजकत्वमा कार्य विस्तृतीकरण परिमार्जन सिफारिस समिति गठन गरेको थियो। त्यसमा विभिन्न पाँचवटा विषय क्षेत्रगत समिति बनाएर काम गरिएको थियो। ती समितिले क्षेत्रगत विषयको अध्ययन र विश्लेषणसहित प्रतिवेदन ०८० पुसमै बुझाएको थियो। तर, यो हालसम्म पनि टुंगिन सकेको छैन। सरकारले फेरि नीति तथा कार्यक्रममा यसलाई समेटेको छ।

पूर्वमुख्यसचिव डा. विमल कोइराला भन्छन्–



शासन व्यवस्थाको सुधारले समग्र सुधार गर्छ। निर्वाचन प्रणाली, नियमनकारी निकायको भूमिका र प्रक्रिया, एकीकृत सेवाप्रवाहलगायतका मूलभूत पक्षमा सुधार हुँदा यसले ठुलो सुधारको छनक दिन सक्छ। तर, यथार्थमा सुधार गर्ने गरी नयाँ र स्पष्ट नीति कार्यक्रम आएन। दोहोरिएका पुरानै र टालटुले कुरा आए। कर्मकाण्डी देखियो। यही पनि कार्यान्वयनमा कठोर हुनसके त राम्रै होला। तर, त्रिविको उपकुलपतिदेखि नयाँ गभर्नर छनोटको विवादले सुधारको व्यावहारिक छनक देखिन मुस्किल छ। बलियो सरकारका लागि यो एउटा राम्रो मौका थियो। तर, नीति कार्यक्रम हेर्दा त्यसमा चुकेको आभास भएको छ।



■ प्रधानमन्त्री कार्यालयलाई सेन्टर अफ एक्सिलेन्सका रूपमा विकास गर्ने

नीति तथा कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई 'सेन्टर अफ एक्सिलेन्स'को रूपमा विकास गरी सार्वजनिक सेवा र विकास प्रशासनलाई थप प्रभावकारी र नतिजाउन्मुख बनाइने उल्लेख छ। प्रधानमन्त्री कार्यालयको भूमिकालाई परिष्कृत गरेर 'प्रोफेसनल' सार्वजनिक निकायका रूपमा विकास गर्नुपर्ने भन्दै यसका सिफारिस र सुझावसहित २७ असार ०८० मै सुदृढीकरण रणनीतिक योजना तयार गरिएको थियो। नीति अनुसन्धान प्रतिष्ठानले कार्यालयलाई सुदृढ बनाउन १० रणनीतिसमेत सुझाएको थियो। यसका आधारमा प्रधानमन्त्री कार्यालयले अर्को अलग्गै समिति गठन गरेर प्रधानमन्त्री कार्यालयलाई शासकीय सुधारको उत्कृष्ट निकाय बनाउन २६ बुँदामा सुझाव दिएको थियो। सुशासन र छरितो प्रशासनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय शासकीय सुधार आयोगले निर्देश गरेबमोजिम क्रमशः सुधारका कार्य अघि बढाइने नीति तथा कार्यक्रममा उल्लेख छ। हालै सरकारले आयोग गठन गरेर काम अघि बढाएको छ। विकास आयोजनाको नतिजामूलक अनुगमन गर्ने र प्रधानमन्त्री कार्यालयबाट अनुगमनको पनि अनुगमन गरिने घोषणा सरकारको छ।

सरकारी र सार्वजनिक सेवामा नागरिकको पहुँच सहज बनाउन र सेवाको दक्षता बढाउन अधिकांश सेवाहरूलाई नागरिक एपमा आबद्ध गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ। नागरिक सेवा पहुँचलाई सजिलो र छिटो बनाउन विभिन्न निकायबाट प्रदान हुने सार्वजनिक सेवा एकै स्थानबाट प्रदान गर्न स्थानीय तहसँगको सहकार्यमा नागरिक सेवा केन्द्र सञ्चालनमा ल्याउने पनि नीति तथा कार्यक्रममा समेटिएको छ। स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई संघीयता अध्ययन प्रतिष्ठानमा रूपान्तरण गर्ने घोषणा सरकारले गरेको छ। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज)लाई सार्वजनिक प्रशासन, विकास व्यवस्थापन र शासकीय अभ्यासको अध्ययन-अनुसन्धान गर्ने शैक्षिक प्रतिष्ठानको रूपमा विकास गर्न कानुनी व्यवस्था गरिने विषय पनि नीति तथा कार्यक्रममा समेटिएको छ। संघ, प्रदेश र स्थानीय तहका संगठन तथा व्यवस्थापन (ओएण्डएम) को राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने पनि सरकारको घोषणा छ। तीन तहका सरकारका कर्मचारीको अभिलेख व्यवस्थापन प्रणालीमा अन्तरआबद्धता कायम गरिने घोषणामा उल्लेख छ। 'संघीय निजामती सेवासम्बन्धी विधेयक यसै अधिवेशनबाट पारित गरिनेछ,' नीति तथा कार्यक्रममा उल्लेख छ।

■ नीति तथा कार्यक्रम व्यावहारिक र जनमुखी : एमाले

काठमाडौं/ सत्ताको नेतृत्वकर्ता दल एमालेले सरकारले ल्याएको आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रगतिशील, व्यावहारिक र जनमुखी रहेको निष्कर्ष निकाल्दै त्यसको पक्षमा संसद्मा सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्ने निर्णय गरेको छ। नीति तथा कार्यक्रमका विषयमा छलफल गर्न शनिबार बसेको संसदीय दलको बैठकले त्यस्तो निर्णय गरेको हो। 'समग्रमा, यो नीति तथा कार्यक्रम प्रगतिशील, व्यावहारिक र जनमुखी रहेको छ,' बैठकपछि दलको निर्णयमा भनिएको छ, 'देशमा व्याप्त गहिरो निराशा हटाउन, जनतामा आशा र उत्साहको सञ्चार गर्न अनि देशलाई तीव्र आर्थिक वृद्धिको दिशामा लैजान बिद्यमान परिस्थितिका सीमाहरूलाई पूर्णतया ख्याल गर्दै देश र जनताको हितलाई केन्द्रमा राखी विकास, समृद्धि, सुशासन र सेवाप्रवाहलाई उच्च महत्त्व दिएर आएको नीति तथा कार्यक्रमलाई पूर्ण समर्थन गर्दै यसको पक्षमा सकारात्मक ढंगले संसदमा सक्रिय र प्रभावकारी भूमिका निर्वाह गर्ने दलको बैठकले निर्णय गरेको छ,' एमाले मुख्य सचेतक महेश बर्तौलाले भने।

पाठ्यक्रम, सिकाइ र अध्यापन विधिमा व्यापक सुधारमा जोड दिएको, 'जेन्जी पुस्ता'लाई विशेष प्राथमिकतामा राखी युवाकेन्द्रित 'स्टार्टअप' कार्यक्रम सुरु गर्ने नीतिलाई महत्त्व दिएको, एकीकृत स्वास्थ्य विमालाई महत्त्व दिएको, तीन तहको सरकारबिच समन्वयमा जोड दिएको, स्नातक तहभन्दा माथिका विद्यार्थीहरूलाई २० घण्टा कामको न्यूनतम ज्याला निश्चित गरी 'कमाउँदै-पढ्दै' को नीति लागू गर्न प्राथमिकता दिएको पनि बैठकको ठहर छ।

प्रधानमन्त्री केपी ओलीले सरकारको नीति तथा कार्यक्रम स्थिरता, विकास र सुशासनका लागि सही नीतिका साथ आएकाले ढुक्कका साथ दृढतापूर्वक समर्थन गर्न सांसदहरूलाई निर्देशन दिए। 'हाम्रा नीति सही छन्, यसमा साथीहरू ढुक्कले लागे हुन्छ। संसदीय प्रक्रियामा विपक्षीले विरोधका लागि विरोध पनि गर्ने भएकाले तिनका कुरामा सत्यता छ कि भनेर लाग्नुपर्दैन। हामीले सही कुराको पक्ष दृढतापूर्वक लिनुपर्छ। हामीले विपक्षमा रहँदा सही कुराको विरोध गरेका थिएनौं', उनले भने, 'हाम्रो दलमा वैचारिक एकता छ। स्पष्टता र दृढता हामीसँग छ, यो स्पष्टता र दृढतालाई संसद्का गतिविधिमा अझ प्रभावकारी रूपमा प्रकट गर्नुहुनेछ भन्ने विश्वास लिएको छु।'

■ रचनात्मक सुझावसहित समर्थन गर्ने कांग्रेसको निर्णय

काठमाडौं/ सत्तारूढ दल कांग्रेसले नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने गरी आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्न सरकारको ध्यानाकर्षण गराएको छ। सरकारले शुक्रबार ल्याएको नीति तथा कार्यक्रम र आर्थिक वर्षको बजेटका विषयमा छलफल गर्न डाकिएको कांग्रेस संसदीय दलको शनिबार बसेको बैठकले त्यस्तो ध्यानाकर्षण गराउने निर्णय गरेको हो। 'बैठकले नीति तथा कार्यक्रमलाई कार्यान्वयनमा लैजाने गरी आर्थिक वर्षको बजेट तर्जुमा गरियोस् भन्ने ध्यानाकर्षण गरेको छ,' बैठकपछि प्रमुख सचेतक श्याम घिमिरेले सञ्चारकर्मीसँग भने।

अहिलेको राष्ट्रिय आवश्यकता र पार्टीले चाहेअनुसार नै नीति तथा कार्यक्रम आएको भन्दै बैठकले दुवै सदन (प्रतिनिधिसभा र राष्ट्रिय सभा) को बैठकमा सकारात्मक र रचनात्मक सुझावसहित समर्थन गर्ने निर्णय पनि गरेको छ। 'अहिलेको राष्ट्रिय आवश्यकता समेट्ने गरी पार्टीले चाहेअनुरूप नै नीति तथा कार्यक्रम आएको निष्कर्षसहित रचनात्मक र सकारात्मक सुझावसहित पक्षमा बोल्ने र समर्थन गर्ने निर्णय गरिएको छ,' कांग्रेसले भनेको छ। विधेयकहरू निर्माण गर्ने क्रम सुस्त हुँदा धेरै प्रभाव परेको ठहर गर्दै बैठकले विधेयक निर्माणको कामलाई प्राथमिकतामा राखेर तीव्रता दिन पार्टीका तर्फबाट विषयगत समितिहरू र संसद्को पूर्ण बैठकमा परिणाममुखी भूमिका खेल्ने निष्कर्ष बैठकले निकालेको छ। त्यसका लागि प्रभावकारी भूमिका खेल्न संसदीय दलको बैठकले सांसदहरूलाई निर्देशन दिएको प्रमुख सचेतक घिमिरेले जानकारी दिए।

ऊर्जा राज्यमन्त्री कान्छाराम तामाङलाई बर्खास्त गर्ने निर्णयको कांग्रेस संसदीय दलको बैठकमा आलोचना भएको छ। कतिपय सांसदहरूले पार्टीभित्र सल्लाह नगरी सीधै प्रधानमन्त्रीले बर्खास्त गर्नु आपत्तिजनक रहेको टिप्पणी गरेका हुन्। सहमहामन्त्री जीवन परियारले सरकारले ल्याएको नीति तथा कार्यक्रम एमालेमय भएको गुनासो गरेका थिए। 'नीति तथा कार्यक्रममा एमालेको समृद्ध नेपाल सुखी नेपाली नारा बोकियो। यो एमालेको नीति कार्यक्रमजस्तो भयो,' बैठकमा उनले भने, 'कांग्रेसले अपनत्व लिने खालको नीति कार्यक्रम बनेन।' सहमहामन्त्री परियारले एमालेका मन्त्रीहरूले कांग्रेससँग समन्वय नगरेको असन्तुष्टि पनि राखेका थिए।

मिश्रको रिहाइको माग गर्दै रिले अनशन जारी



काठमाडौं/ प्रहरी हिरासतमा रहेका राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलगायतको विनासर्त रिहाइ माग गर्दै गत शुक्रबारदेखि जावलाखेलमा रिले अनशन सुरु भएको छ। राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदी शनिबार अनशनस्थल पुगेर ऐक्यबद्धता जनाएका छन्। ललितपुरवासीका नाममा सुरु भएको अनशनमा सहभागीलाई भेटेर उनले मिश्रको रिहाइ तथा हिरासतमा रहेकाहरूको मानव अधिकारको सम्मान र प्रत्याभूति हुनुपर्ने बताए। सरकारले झुटा मुद्दामा हिरासत बसाइ लम्ब्याएको भन्दै उनीहरू नछुटेसम्म अनशन जारी रहने आयोजकले जनाएका छन्। तीनकुनेमा भएको झडप र अराजक घटनापछि १५ चैतमा पत्राउ परेकामध्ये राप्रपा महामन्त्री डा. धवलशमशेर राणा रिहा भएका छन्। त्यही घटनामा पत्राउ परेका मिश्रलगायत अझै प्रहरी हिरासतमा छन्।

स्वास्थ्य मन्त्रालय र चिकित्सक संघबिच चारबुँदे सहमति

आवासीय चिकित्सकले जनाए असन्तुष्टि, आन्दोलन नछाड्ने

शिवहरि घिमिरे/नयाँ पत्रिका

चिकित्सा शिक्षा आयोगले बढाएको निर्वाह भत्ताको माग गर्दै एक महिनादेखि आन्दोलनमा रहेका आवासीय चिकित्सकको आन्दोलन रोक्न स्वास्थ्य मन्त्रालय र नेपाल चिकित्सक संघबिच चारबुँदे सहमति भएको छ। शनिबार स्वास्थ्यमन्त्री प्रदीप पौडेल, नेपाल चिकित्सक संघका पदाधिकारी र केही आवासीय चिकित्सकको बिचमा सहमति भएको हो। तर, सहमति गर्दा निजी मेडिकल कलेजको उपस्थिति थिएन। सहमतिपत्रमा संघका महासचिव सञ्जीव तिवारी र स्वास्थ्य मन्त्रालयका डा. भीमप्रसाद सापकोटाले हस्ताक्षर गरेका छन्।

सहमतिमा आयोगको २५ माघमा बसेको १६औं बैठकको निर्णयबमोजिम सम्पूर्ण आवासीय चिकित्सकहरूलाई निजी मेडिकल कलेजले (स्वास्थ्य सेवाको आठौं तह) सरह निर्वाह भत्ता तत्काल उपलब्ध गराउन मन्त्रालयले निजी मेडिकल कलेजलाई निर्देशन दिने, आवासीय चिकित्सकहरूको बिदा, ड्युटी आवर, अतिरिक्त सुविधालगायतका विषयमा स्वास्थ्य मन्त्रालयले कार्यदल गठन गरी १५ कार्य दिनभित्र प्रतिवेदन पेस गर्ने, आयोगको १८औं बैठकको निर्णयअनुसार सबै विद्यार्थीले एकीकृत रूपमा म्याचिङ तथा भर्ना हुन पाउने व्यवस्था मिलाउने र नेपाल मेडिकल एसोसिएसनले गरिरहेको सबै प्रकारका आन्दोलनका कार्यक्रम अन्त्य गर्ने र सम्पूर्ण चिकित्सकहरू नियमित सेवाप्रवाहको कार्यमा फर्किने उल्लेख छ।

निजी मेडिकल कलेजहरूले आवासीय चिकित्सकहरूलाई परीक्षामा सामेल नगराउने, आन्दोलनमा हिँडेको समयको तलब नदिनेलगायत धम्की दिँदै आएका छन्। पहिले निर्वाह भत्ता पाउनुपर्ने, कार्यस्थल सुरक्षित हुनुपर्ने, अन्य सुविधाहरूको ग्यारेन्टी हुनुपर्ने अडान आवासीय चिकित्सकहरूले लिएका थिए। तर, आवासीय चिकित्सकहरूले नै विरोध गर्दागर्दै चिकित्सक संघको अग्रसरतामा चारबुँदे सहमति भएको हो। स्वास्थ्य मन्त्रालयले उधारो सहमति गरेको भन्दै आवासीय चिकित्सकहरूको आन्दोलनको नेतृत्व गरिरहेका शेषराज घिमिरेले विरोध जनाए। 'शनिबार भएको सहमति हामीलाई थाहा छैन, स्वास्थ्य मन्त्रालय र नेपाल चिकित्सक संघले सहमति गरेर हुन्छ भने होस्,' उनले भने, 'यो उधारो सहमति मान्य छैन, निजी मेडिकल कलेजले तीन महिनादेखि निर्वाह भत्ता दिएका छैनन्,' उनले भने।

गण्डकी मेडिकल कलेजका आवासीय चिकित्सक रवि लामिछानेले पनि चिकित्सक संघ ले स्टन्ट गरेको बताउँदै उधारो सहमति स्वीकार्य नभएको बताए। 'शनिबार सहमति भएछ, अब आइतबार कलेजमा हामी कुराकानी गर्छौं, राम्रो रेस्पोन्स आयो भने ड्युटी गर्छौं, अन्यथा ड्युटी ज्वाइन्ट हुँदैनौं, सरकारले सहमति मात्रै गरेर हुँदैन, यसमा ग्यारेन्टी छैन।'

चिकित्सक संघका अध्यक्ष अनिलविक्रम कार्कीले आन्दोलनका कार्यक्रम फिर्ता भएको र आवासीय चिकित्सकहरूलाई सरकारले बढाएको निर्वाह भत्ता मिल्ने आधार भएको दाबी गरे। 'हामीले सहमति गरेका छौं, वार्तामा आवासीय चिकित्सकहरू पनि हुनुहुन्थ्यो,' उनले भने, 'निजी मेडिकल कलेजहरूले आफ्नो दायित्व स्वीकार गरिसकेका छन्, आवासीय चिकित्सकहरूको परीक्षा, निर्वाह भत्ता र अन्य विषयमा समस्या हुँदैन।'

क्रान्तिकारी कम्युनिस्टहरू एक हुनैपर्छ : प्रचण्ड

काठमाडौं/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एकताको यात्रामा अघि बढ्न आह्वान गरेका छन्। माओवादी केन्द्रीय कार्यालय पेरिसडाँडामा शनिबार सम्पन्न माओवादी पुनर्मिलन कार्यक्रममा उनले माओवादी आन्दोलनको एकताको दिशामा महत्त्वपूर्ण कदमको रूपमा व्याख्या गरे। कार्यक्रममा मोतीरत्न अमात्यलगायत नेता तथा कार्यकर्ता विभिन्न पार्टीबाट माओवादीमा प्रवेश गरेका थिए। 'यो सुरुवात हो, यसले माओवादी आन्दोलनबाट विभाजित धाराबिच नयाँ वातावरण सिर्जना गर्नेछ,' प्रचण्डले भने। आगामी दिनमा माओवादी शक्तिहरूको ध्रुवीकरण ज्यामितीय रूपमा अगाडि बढ्ने उनले विश्वास व्यक्त गरे। उनले विगतमा पार्टी विभाजनका कारण आन्दोलन कमजोर भएको बताउँदै क्रान्तिकारी कम्युनिष्ट एक हुनैपर्ने जिकिर गरे। 'पार्टी विभाजन भएर कसैलाई फाइदा भएको छैन। अब हामी सबैले अनुभवबाट सिकेर क्रान्तिकारी कम्युनिस्टहरू एक हुनैपर्छ,' उनले भने।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

५० वर्षदेखि पर्यावरण र वन्यजन्तु सुरक्षामा सेना

आठ हजार सैनिक परिचालित, ११६ सैनिकको मुत्यु

नयाँ पत्रिका

नेपालमा चितवन राष्ट्रिय निकुञ्ज स्थापना भएपछि सेना प्रकृति, पर्यावरण र वन्यजन्तु सुरक्षामा खटिएको ५० वर्ष भएको छ। ०२२ देखि खटिएको सेनाले १२ राष्ट्रिय निकुञ्ज तथा एउटा सिकार आरक्ष र एउटा वन्यजन्तु आरक्षको सुरक्षा दिइरहेको छ। सेनाका आठ गण, सातवटा अनाश्रित गुल्म र चितवनको कसरास्थित प्रकृति संरक्षण शिक्षालयमा गरी जम्मा आठ हजार जनशक्ति प्रकृति र पर्यावरण संरक्षणमा परिचालित छन्। संरक्षण क्षेत्रमा परिचालित सैनिकमध्ये हालसम्म ११६ जनाले ज्यान गुमाएका छन्।



चितवन, से-फोक्सुन्डो, शुक्लाफाँटा, मकालु-वरुण, बाँके, बर्दिया, शिवपुरी-नागार्जुन, पर्सा, रारा, खप्तड, सगमाथा, लाडटाङ निकुञ्ज, ढोरपाटन सिकार आरक्ष तथा कोशी टप्पु वन्यजन्तु आरक्षमा सेनाको सुरक्षा छ। चितवन र सगरमाथा राष्ट्रिय निकुञ्ज विश्वसम्पदा सूचीमा छन्। 'प्राप्त साधन-स्रोतबाट सेनाले ५० वर्षदेखि जिम्मेवारी वहन गरिरहेको छ र आफ्नो जिम्मेवारी पूरा गर्न प्रतिबद्ध छ,' सैनिक प्रवक्ता सहायक रथी गौरवकुमार केसीले भने, 'पूर्वाधार थपिएका छन्। अप्ट्यारा रहे पनि क्रमशः समाधान हुँदै जानेछन्। सेनाले आफ्नो कर्तव्य जस्तोसुकै प्रतिकूलतामा पनि निर्वाह गर्नेछ।'

सेनाले साझेदार निकायसँगको समन्वयमा नियमित गस्ती र अपरेसनल कार्य सञ्चालन गर्दै आएको छ। सेनाले अप्रेसन संरक्षण ११ नामको अभियान सञ्चालन गरिरहेको छ, जसकारण वन्यजन्तु र वन पैदावार संरक्षणमा सफलता मिलेको प्रवक्ता केसीले बताए। सेनाका अनुसार हाल देशभरि पाटेबाघको संख्या ३५५, एकसिंगे गैंडाको संख्या ७५२, हिमचितुवाको संख्या ३५६ तथा घडीयाल गोहीको संख्या ६९४ पुगेको छ। चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत गणेश पन्तका अनुसार यस वर्ष गैंडाको संख्या गणना हुनेछ भने आर्थिक स्रोत सुनिश्चित भएमा बाघको समेत गणना हुनेछ।

सेनाले चोरी सिकारी नियन्त्रणका लागि संयुक्त अप्रेसन, विशेष अप्रेसन, साना समूहको अप्रेसन, गस्ती, एम्बुस, सर्च एन्ड स्विप, चेक प्वाइन्ट लिंकजस्ता कार्य गर्दै आएको छ। सेनाले रियल टाइम स्मार्ट पट्रोल, स्मार्ट आई, सिसिक्यामेरा, स्पाई क्यामेरा, ड्रोन, भेइकल ट्र्याकिङ एन्ड रिकग्नाइजिङ सिस्टममार्फत अप्रेसन सञ्चालन गर्दै आएको छ।

चितवन राष्ट्रिय निकुञ्जमा खटिएको सेनाको नयाँ गोरख गणका गणपति शिवसिंह बस्न्यातका अनुसार चितवनमा मात्रै ९४ स्थानमा दैनिक गस्ती हुने गरेको छ। प्रतिदिन ५०० किलोमिटरको दूरीमा २१५ गस्ती हुने गरेको छ। 'साधन-स्रोतको कमी छ। सबै ठाउँमा २४ सै घण्टा निगरानी गर्न सक्ने अवस्था छैन। यद्यपि, सीमित साधन-स्रोत र पूर्वाधारमा पनि सकेसम्म बढी काम गरिरहेका छौं,' उनले भने।

मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति चितवनका अध्यक्ष प्रकाश ढुंगानाले न्यून आर्थिक अवस्थाका कारण चोरी-सिकारीमा मानिसहरू संलग्न हुने गरेको भेटिएको बताए। सुरक्षाकर्मीको भौतिक अवस्था सुधार गर्न उनले माग गरे। 'अनकन्टार ठाउँमा पोस्ट छ, इन्टरनेट र फोनको पहुँच छैन। सैनिकले निकै ठूलो जोखिम मोलेर कर्तव्य निर्वाह गरेका छन्,' ढुंगानाले भने, 'निकुञ्जभित्रको कोर क्षेत्रमा सुरक्षाकर्मीको कष्टकर अवस्था छ। पूर्वाधार सुधार हुनुपर्छ।' कतिपय चेकपोस्ट भएका ठाउँमा सैनिकहरू पालो गरेर सुत्नुपर्ने अवस्था रहेको उनले बताए। मानवीय रूपमा पनि सुरक्षाकर्मीको अवस्था सुधार गर्नुपर्ने उनको भनाइ थियो।

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।




बसन्त राज कुँवर
रिहयाब स्पेसलिष्ट

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा



पूजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईंको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

सामाजिक सञ्जाल विधेयकमा सुधारका विषय

प्रस्तावित सामाजिक सञ्जाल विधेयकले जस्ताको त्यस्तै ऐनको रूप धारण गरेमा कार्यान्वयनमा जटिलता आउन सक्छ



● रुजित काफ्ले

अग्रलेख

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले फेसबुक, इन्स्टाग्राम, एक्स (पूर्वट्विटर), लिंक्डइनलगायत अन्तर्राष्ट्रिय सामाजिक सञ्जाल प्लेटफर्मलाई नेपालमा अनिवार्य रूपमा दर्ता गर्न निर्देशन दिएको छ। सन् २०२४ को अन्त्यदेखि नै मन्त्रालयले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका' जारी गर्दै यी प्लेटफर्मलाई सूचीकृत हुन आग्रह गर्दै आएको हो। यद्यपि, बारम्बारको अनुरोधपछि पनि अधिकांश प्लेटफर्मले सरकारको निर्देशनमा अटेर गरेका छन्। फेसबुक, इन्स्टाग्राम र ह्वाट्सएप सञ्चालन गर्ने मेटा कम्पनीले नेपाल सरकारसँग केही औपचारिक छलफल गरे पनि तोकिएको अवधिभित्र सूचीकरण भने भएको छैन। यसै सन्दर्भमा मेटा कम्पनीलाई चेतावानी दिँदै सरकारले प्लेटफर्म बन्द गर्नसमेत सक्ने संकेत गरेको छ।

सामाजिक सञ्जालबाट हुने अनियन्त्रित गतिविधि नियन्त्रण गर्न र उल्लिखित प्लेटफर्मलाई कानुनी दायरामा ल्याउन सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल सरकारले 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१' सदनमा पेस गरेको छ। नेपालमा सामाजिक सञ्जालको दुरुपयोगबाट साइबर अपराधका घटना बढिरहेका छन्। आर्थिक वर्ष ०७८/७९ देखि ०८०/८१ वैशाख मसान्तसम्म साइबर ब्युरोमा दर्ता भएका उजुरीको विश्लेषणअनुसार प्रमुख अपराधमा नग्न फोटो सम्पादन गरी ब्ल्याकमेल गर्ने, सामाजिक सञ्जालमा बेइज्जत गर्ने, अनलाइन आर्थिक ठगी, डिभाइस नियन्त्रणमा लिएर फिरौती माग्ने, तथा वेबसाइट ह्याक गर्नेजस्ता घटना पर्छन्। हालै महान्यायाधिवक्ताको कार्यालयद्वारा प्रकाशित 'नेपालमा साइबर कसुरसम्बन्धी कानुनको प्रभाव मूल्यांकन (अनुसन्धानमूलक अध्ययन प्रतिवेदन, २०८१)' ले साइबरसम्बन्धी कसुर विशेषगरी सामाजिक सञ्जालमार्फत भएको पाइएकोमा ८२ प्रतिशत कसुर फेसबुकबाट, ६ प्रतिशत टिकटकबाट र बाँकी १२ प्रतिशत अन्य विभिन्न सञ्जाल प्रयोगबाट भएको देखाएको छ।

विद्यमान विद्युतीय कारोबार ऐन २०६३ ले बृहत् रूपमा साइबर अपराधलाई निराकरण गर्न सक्ने कानुनी अवस्था देखिँदैन। मुलुकी अपराध संहितामा समेत विद्युतीय तथा इन्टरनेट प्रयोगबाट सञ्चालित हुने सामाजिक सञ्जालमा देखिएका अनियन्त्रित गतिविधिलाई सम्बोधन गर्न वैयक्तिक गोपनीयतासम्बन्धी कसुरअन्तर्गत केही प्रावधान समेटेको देखिन्छ। यसलगायत समयक्रमअनुरूप अन्य कानुनी व्यवस्था समायोजन गर्ने सन्दर्भमा यो विधेयकलाई सदनमा प्रस्तुत गरेको देखिन्छ। यस विधेयकको विषयमा अहिले सामाजिक सञ्जालमा कैयौँ टीकाटिप्पणी भएको देखिन्छ।

विशेषगरी यस विधेयकले सामाजिक सञ्जाल प्रयोगकर्ताको वाक्-स्वतन्त्रताको हक हनन गर्ने प्रावधान राखेको भनी टीकाटिप्पणी हुन थालेको देखिन्छ।

■ विधेयकमा समेटिएका कानुनी प्रावधान

१. साइबर स्पेसमा विद्युतीय प्रविधिको माध्यमबाट सिर्जना गरिएको एप, वेबसाइट, ब्लग, एआई टुल्स वा सामाजिक सञ्जाल प्रयोग गर्न सक्षम बनाउने, सामाजिक सञ्जालका प्लेटफर्मले सञ्चालन गर्न अनिवार्य अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरेको छ। अनुमतिपत्र प्राप्त नगरेको खण्डमा वा जाँचबुझ गर्दा अनुमतिपत्र रद्द भएको प्लेटफर्म नेपालभित्र सञ्चालन नहुने र प्रतिबन्धित हुने प्रावधान रहेको देखिन्छ।

२. सामाजिक सञ्जालको दुरुपयोग रोकी प्लेटफर्म सञ्चालन र प्रयोगलाई व्यवस्थित गर्न नेपाल प्रहरी, नेपाल दूरसञ्चार प्राधिकरण, प्रेस काउन्सिल, सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्ड, नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य निकायलाई जिम्मेवारी प्रदान गरेको छ।

३. अनुमतिपत्र प्राप्त प्लेटफर्म सञ्चालकले नेपालको सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षासहित कानुनी, सामाजिक, सांस्कृतिक र धार्मिक सद्भावमा खलल पुग्ने सामग्री प्रसार गर्न नहुने र प्रयोगकर्ताको गोपनीयता, बौद्धिक सम्पत्ति, सुरक्षासम्बन्धी उपाय अवलम्बन गर्नुपर्ने व्यवस्था गरिएको छ। गुनासो सम्बोधन, तथ्य जाँच, बैंकिङ कारोबार सुनिश्चित गर्नुपर्नेलगायत कानुनी अनुसन्धानका लागि युजर डिटेल उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ।

४. नेपालबाहिरबाट सञ्चालित प्लेटफर्मले गुनासो सम्बोधन र सम्पर्कका लागि नेपालमा सम्पर्क बिन्दु (आफ्नो कार्यालय) स्थापना गर्नुपर्ने प्रावधान विधेयकमा राखिएको छ। सम्बन्धित निकायले सम्पर्क बिन्दुमार्फत मात्र सञ्चार गर्न सक्ने व्यवस्था गरिएको छ।


५. सामाजिक सञ्जालमार्फत साइबर बुलिङ गर्न निषेध गरिएको छ।

६. सामाजिक सञ्जालमार्फत कसैलाई झुटा आरोप लगाउने, धम्की दिने, निगरानी गर्ने, गोपनीयता भंग गर्ने वा हैरानी दिने कार्य साइबर स्टकिङ मानिने र सो कार्य गर्न निषेध गरिएको छ।

७. सामाजिक सञ्जाल वा कम्प्युटर प्रणाली ह्याक गर्न निषेध गरिएको छ। अनधिकृत रूपमा पासवर्ड चोरी गर्ने, गुप्त जानकारीमा पहुँच गर्ने वा तथ्यांकमा हस्तक्षेप गर्ने कार्यलाई ह्याकिङ मानिएको छ।

८. फिसिङ र इम्पोस्टर स्क्याम गर्न निषेध गरिएको छ।

९. सेक्सटोर्सन र एक्सटोर्सन गर्न निषेध गरिएको छ।



१०. सामाजिक सञ्जालमा बीभत्स तस्बिर, अडियो वा भिडियो पोस्ट वा सेयर गर्न निषेध गरिएको छ।

११. अश्लील, मिथ्या वा भ्रामक सामग्रीको प्रसार निषेध गरिएको छ। यस प्रकारको सामग्रीको दुष्प्रचार, तोडमरोड वा कमेन्ट गरी प्रसार गर्नसमेत निषेध गरिएको छ।

१२. सामाजिक सञ्जालमा डिपफेक भिडियो अपलोड वा प्रसार गर्न निषेध गरिएको छ। डिपफेक भिडियोले कुनै व्यक्तिको अनुहार, आवाज वा हाउभाउलाई नक्कल गरेर गलत सूचना फैलाउने, अश्लीलता फैलाउने वा चरित्रहत्या गर्ने कार्यलाई जनाउँछ।

१३. पीडितको अधिकारको तत्काल रक्षा गर्न द्रुत प्रतिकार्य समूह (र‍्यापिड रेस्पोन्स टिम) गठन गर्न सकिने, विभागले गुनासो सुन्न र तिनको द्रुत प्रतिकार्यका लागि सहायता कक्ष व्यवस्था गर्न सक्ने प्रावधान समेटिएको छ।

> सामाजिक सञ्जाल विधेयकका कतिपय प्रावधानलाई उचित परिभाषा, व्याख्या, संशोधन र पुनर्विचारपछि मात्र अगाडि बढाएमा यसले सामाजिक सञ्जालको प्रयोगबाट हुने गरेका साइबर अपराध नियन्त्रणमा देखिएको कानुनी रिक्ततालाई सम्बोधन गर्न सक्छ

'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१' ले सामाजिक सञ्जालका माध्यमबाट हुने साइबर अपराध, अश्लीलता, हानि र गलत सूचना नियन्त्रण गर्ने उद्देश्यले विभिन्न सकारात्मक सुधारात्मक प्रावधान समेटे पनि विधेयकमा समावेश भएका केही प्रावधान विवादास्पद देखिन्छन् :

१. विधेयकको दफा १६ मा सामाजिक सञ्जाल प्रयोगकर्ताले अरूको मानहानि गर्ने, हेट स्पिच, मिथ्या सूचना, अवैध विज्ञापन, अन्धविश्वास तथा कानुनविपरीत क्रियाकलाप प्रवर्द्धन गर्न नपाउने व्यवस्था गरिएको छ। गलत मनसायले सामग्री पोस्ट, सेयर, कमेन्ट गर्न नपाइने र उल्लंघन गरेमा अधिकतम पाँच लाख रुपैयाँसम्म जरिवाना हुन सक्ने व्यवस्था गरिएको छ। यो प्रावधान विवादास्पद देखिन्छ, किनकि यसको कार्यान्वयनमा वाक्-स्वतन्त्रता र व्यक्तिगत अभिव्यक्तिको हकमा अंकुश लाग्न सक्ने खतरा देखिन्छ। 'गलत मनसाय'को परिभाषा स्पष्ट नगरी, यस प्रावधानले व्यक्तिमा विचार प्रकट गर्नमा अनावश्यक डर पैदा गर्न सक्छ।

२. विधेयकमा उल्लिखित विविध विषय र प्रसंगको स्पष्ट परिभाषा र व्याख्याको अभावले अनेक अर्थ लाग्न सक्ने अवस्था देखिन्छ। जस्तै- परिभाषा खण्डमा प्लेटफर्मको परिभाषाले कुन-कुन विषय सामाजिक सञ्जालको प्लेटफर्मअन्तर्गत पर्ने वा नपर्ने भन्ने स्पष्ट व्याख्या देखिँदैन। यस्तै विधेयकमा अन्य प्रसंगमा पनि यस्ता विविध समस्या देखिएको छ। यस्ता विषयको प्रभावकारी सम्बोधन हुनुपर्ने देखिन्छ।

३. विधेयकको दफा २७ ले सामाजिक सञ्जालमा बेनामी वा छद्मभेषी (फेक आइडी, पेज, समूह) वा अरूको नामबाट पहिचान सिर्जना गर्ने, त्यस्तो बेनामी वा छद्मभेषी पहिचानमार्फत विषयवस्तु उत्पादन गरी पोस्ट वा सेयर गर्ने, अरूको विषयवस्तु सेयर गर्ने, कमेन्ट वा कल गर्ने कार्यलाई बन्देज लगाएको छ। यस कसुर गर्नेलाई तीन महिनासम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ। मुख्यतया यसको कार्यान्वयन र व्याख्याको अस्पष्टताका कारण यो प्रावधान पनि विवादास्पद देखिन्छ। कसैले फेक आइडी बनाउँदैमा कारबाहीको दायरामा ल्याउनु उपयुक्त हुन्छ र ? फेक आइडीबाट प्रशारित सामग्री प्रस्तुत गर्ने, सेयर गर्ने, लाइक गर्नेजस्ता प्रयोगकर्तालाई पनि कानुनको दायरामा ल्याउनु उचित हो र ? आपराधिक मनसायको निरीक्षण हुन आवश्यक छैन र ? यो प्रावधान ऐनमा हुबहु प्रतिबिम्बित भएमा धरै प्रयोगकर्ता (जानेर वा नजानेर) कानुनको फन्दामा पर्न सक्छन्।

४. विधेयकको दफा ३२ मा यस विषयलाई अनुसूची १ अन्तर्गतको मुद्दाअनुसार कारबाही चलाउने भनिएको छ। फौजदारी मुद्दाको गम्भीरता हेरी सरकारवादी फौजदारी मुद्दाको तहकिकात र अनुसन्धान अनुसूची १ को मुद्दामा प्रहरी कार्यालयले गर्ने प्रचलन छ। सोको कार्यविधि जटिल प्रकृतिको हुने हुँदा सामाजिक सञ्जालका माध्यमबाट हुने अपराधको प्रकृति हेरी कुन कार्यविधि अपनाएर अनुसन्धान अगाडि बढाउने हो, त्यसको सुनिश्चितता हुनुपर्ने देखिन्छ। सामान्य प्रकृतिको अपराधका हकमा अनुसूची १ अनुसार मुद्दाको उठान गर्नु वाञ्छनीय देखिँदैन। तसर्थ, यसमा समेत पुनर्विचार गर्नुपर्ने देखिन्छ।

■ प्रभावकारी कार्यान्वयनमा चुनौती

ऐन निर्माण भएर मात्र हुँदैन, ऐनको प्रभावकारी कार्यान्वयन हुन्छ वा हुँदैन भन्ने पक्ष महत्त्वपूर्ण हुन्छ। सदनमा टेबुल गरिएको यस विधेयकका प्रावधानमा ऐन कार्यान्वयनको चुनौती सम्बोधन हुने तवरले परिपक्व ऐन निर्माण हुने अपेक्षा गरिएको छ। विधेयकले ऐनको रूप धारण गरेको अवस्थामा देहायबमोजिम ऐन कार्यान्वयनका चुनौती देखिन सक्छन् :

१. दफा २७ अनुरूपका कसुरमा अनुसन्धानको दायराको पहुँच र अनुसन्धान प्रक्रिया कसरी अघि बढ्छ सो स्पष्ट छैन। मानौं कुनै व्यक्तिले एउटा कुनै सामग्री पोस्ट गर्छ, जुन कानुनको दायरामा अपराध घोषित हुन्छ, सोअनुरूपको अपराधको अभियोजन गर्ने हो भने सो पोस्टमा एक लाख मान्छेले लाइक, २० हजारले सेयर, १५ हजारले कमेन्ट गरेका रहेछन् भने सो विषयको अनुसन्धान गर्दा राज्यले त्यत्रा व्यक्तिउपर अनुसन्धान गर्न सक्ने पहुँचको निर्धारण केले गर्छ ? यस्ता विषयमा चुनौती सिर्जना हुन सक्छ।

२. कसुरको दुराशयपूर्ण अभियोजन हुने खतरा प्रबल छ।

३. राजनीतिक दलहरूले एक-अर्काविरुद्ध टिप्पणी गर्ने प्रचलन नेपालमा नौलो होइन। यस कानुनी व्यवस्थाले आलोचनात्मक टिप्पणी गर्नेलाई हतियार बनाउन सक्छ।

४. आपराधिक मनसाय परीक्षण गर्ने आधार स्पष्ट नहुँदा विकराल समस्या आउन सक्छ।

५. विधेयकले जस्ताको त्यस्तै ऐनको रूप धारण गरेमा ऐन कार्यान्वयनमा ज्यादै जटिल अवस्था सिर्जना हुन सक्ने अवस्था प्रबल छ।

■ निष्कर्ष

समग्रमा विधेयकले उचित कानुनी प्रावधान समेटेको देखिए पनि कतिपय प्रावधानलाई भने उचित परिभाषा, व्याख्या, संशोधन र पुनर्विचार गरेर मात्र अगाडि बढेको खण्डमा यस विधेयकले ऐनको रूप धारण गरेमा पछिल्लो समयमा भइरहेका अनगिन्ती सामाजिक सञ्जालको प्रयोगबाट हुने गरेका साइबर अपराधलाई नियन्त्रण गर्ने कानुनी प्रावधानको रिक्ततालाई सम्बोधन गर्न सक्छ। तर, प्रावधानको स्पष्टता भने पहिचान हुनु आवश्यक देखिन्छ।

(काफ्ले काठमाडौं स्कुल अफ लका विद्यार्थी हुन्)

---

३ प्रश्न

स्वास्थ्य मन्त्रालयका पूर्वसचिव **डा. सुशीलनाथ प्याकुरेललाई**



आवासीय चिकित्सकको समस्यालाई कसरी हेर्नुभएको छ ?

वस्तुनिष्ठ भएर हेर्दा आवासीय चिकित्सक र निजी मेडिकल कलेज सञ्चालक दुवै आआफ्ना ठाउँमा सही छन्। आवासीय चिकित्सकले सरकारले तोकेको आठौँ तहको मासिक निर्वाह भत्ता ४८ हजार सात सय ३७ रुपैयाँ पाउनैपर्छ। यसमा यो वा त्यो तर्क गरेर हुँदैन। साथै, समयानुकूल सिट संख्या र शुल्कवृद्धिको माग पनि गलत छैन। जनसंख्या वृद्धिसँगै बिरामीको संख्या बढ्दै गएको छ। अस्पतालहरूमा बिरामीको चाप दिन-प्रतिदिन थपिँदै गरेको अवस्थामा निजी मेडिकल कलेजहरूले आवश्यक बेड संख्या र उपकरणको व्यवस्थापन गरेका छन् भने सरकारले प्रभावकारी अनुगमन गरी पुनर्विचार गर्नु ठिक हुन्छ। सिट संख्या बढाएर स्वदेशी तथा विदेशी विद्यार्थी आकर्षित गर्न सकिए एकातिर विदेश पढ्न जाने विद्यार्थीमार्फत बाहिरिने ठुलो रकम यतै रोकिन्छ भने अर्कातिर विदेशी विद्यार्थीलाई समेत आकर्षित गर्न सक्दा विदेशी मुद्रा आर्जनमा पनि टेवा पुग्छ।

सरकारले तोकेको सुविधा दिन आनाकानी गर्ने मेडिकल कलेजले उल्टै आवासीय चिकित्सकलाई धम्की दिइरहेका छन् नि ?

निजी मेडिकल कलेजले पनि 'नेगोसिएसन'मा जानैपर्छ। त्यहाँ काम गर्ने आवासीय चिकित्सकको मर्का उनीहरूले बुझिदिनैपर्छ। सरकारले तोकेको आठौँ तहको निर्वाह भत्ता दिनैपर्छ। आवासीय चिकित्सकलाई धम्की दिएर हुँदैन। अनि, सरकारले पनि लगानीकर्ताको मर्का भने बुझिदिनुपर्छ।

यस्तो विवादले सेवा प्रवाहमा समस्या आउन सक्ने सम्भावना कति छ ?

यस्तो विवादले सेवा प्रवाहमा पक्कै समस्या आउँछ। कार्यरत 'पोस्ट ग्राजुयट्स'मा मानिसक 'टर्चर' अनुभव हुन सक्छ। यसले मेडिकल कलेजसितको उनीहरूको भावनात्मक अट्याचमेन्ट कमजोर हुन्छ। यसले उनीहरूले दिने सेवामा ह्रास आउन सक्छ। यसको प्रत्यक्ष, अप्रत्यक्ष असर मेडिकल कलेजको आम्दानीदेखि विश्वसनीयतामाथि पनि पर्न सक्छ।

प्रेरक प्रसंग

अल्छी चराको गल्ती

जंगलमा एउटा चरो निकै सुरिलो आवाजमा गीत गाइरहेको थियो। उसको स्वरमा कोइलीको जस्तै मिठास थियो। एक दिन एक किसान किराले भरिएको बक्सा लिएर त्यही जंगल हुँदै कतै जाँदै थिए। चराले किसानलाई रोकेर सोध्यो। महाशय, तपाईंको बाक्साभित्र के छ र तपाईं कहाँ जाँदै हुनुहुन्छ ?



किसानले भने- मेरो बक्सामा किरा छन्। म यिनलाई बेचेर चराका प्याँख किन्न बजारतिर जाँदै छु। यति भनेर किसान आफ्नो बाटो लागे। चराले उनलाई रोक्दै भन्यो- प्याँख त मसित पनि छन्। मलाई किराको खोजीमा धेरै टाढा-टाढा जानुपर्छ। बरु तपाईं मलाई किरा दिनुहोस्। त्यसको बदलामा म तपाईंलाई मेरो एउटा प्याँख दिन्छु। यसबाट तपाईंलाई बजारसम्म जानुपरेन र मलाई पनि किराको खोजीमा यताउता भौंतारिनुपरेन। किसानलाई पनि चराको प्रस्ताव ठिक लाग्यो। उसले किरा चरालाई दियो। चराले आफ्नो एउटा प्याँख किसानलाई दियो। त्यसपछि हरेक दिन यही क्रम चलिरह्यो। हुँदाहुँदा यस्तो दिन पनि आयो, अब किसानलाई दिनका लागि चराको जिउमा एउटै प्याँख बाँकी रहेन। प्याँख नपाउने भएपछि किसानले पनि किरा दिन छाड्यो। चरो आफैं उडेर किरा खोज्न जान पनि सकेन। साथमा ऊ निकै कुरूप पनि देखिन थाल्यो। चरालाई आफ्नै रूप देख्दा घिन लाग्न थाल्यो। आफ्नो गल्ती सम्झेर ऊ पछुताउँदै रुन थाल्यो। जीवनमा कुनै पनि कामका लागि छोटो बाटो रोज्नुको परिणाम उसले भोगिरहेको थियो। आखिरमा खानाको खोजी गर्दागर्दै भोक र तिर्खाले उसको मृत्यु भयो।

टिप्पणी nayapatrikaofficial @naya_patrika

सबै चौबाटोमा जेब्राक्रस चाहियो

संघ, प्रदेश र स्थानीय सरकार तथा गाउँबाट नगर र नगरबाट महानगर हुँदै गर्दा सहरबजारमा बसाइँसराइका कारण जनसंख्या बढ्नु र सवारी साधनको संख्या थपिनु अनौठो हो। यस्तो अवस्थामा अब सडक पार गर्न पैदलयात्रुलाई ठाउँठाउँमा जेब्राक्रसको निकै खाँचो छ। यसका लागि तत्काल सहरबजारका सम्पूर्ण सडकका हरेक चोकमा जेब्राक्रसको खाँचो छ। त्यसैगरी, कतिपय स्थानमा आकासे पुलको पनि खाँचो छ। त्यसैले, पैदलयात्रुलाई सहज रूपमा सडक पार गरेर सडकको एक छेउबाट अर्को छेउसम्म पुग्न सहज होस् भनेर तत्काल जेब्राक्रस र आकासे पुल निर्माण गरियोस्। साथै, पहिले नै भएका तर पेन्ट मेटिइसकेका जेब्राकसमा रङ लगाउने काम पनि तत्काल गरियोस्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

मेडिकल कलेजको धम्की अति भो

निजी मेडिकल कलेजले आफ्ना लागि एमबिबिएसमा सिट संख्या र शुल्क बढाउने विषय सुनिश्चित गरिसकेपछि अहिले आएर आवासीय चिकित्सकलाई परीक्षामै सहभागी नगराउने धम्की दिइरहेका छन्। उनीहरूको यस्तो धम्की अति भयो। सरकारका स्वास्थ्यमन्त्री प्रदीप पौडेलले निहुँ खोजेर सर्तमाथि सर्त राख्ने निजी मेडिकल कलेजको सम्बन्धत खारेजी गर्नेसम्मको चेतावनी दिए पनि प्रधानमन्त्रीदेखि केही मन्त्री र अन्य दलका शीर्ष नेतासम्मको आशीर्वादले गर्दा उनीहरूले यसरी धम्की दिएका हुन्।

● **वन्दना देउला**
ढल्को, काठमाडौं

विद्यार्थीको सुरक्षामा ध्यान देऊ

एक नेपाली छात्राले आत्महत्या गरेको छोटो अन्तरालमै भारतको ओडिसास्थित कलिंका इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) विश्वविद्यालयमा अध्ययनरत अर्की नेपाली छात्राले पनि आत्महत्या गरेको समाचारले स्तब्ध बनायो। केही समयअघि नेपाली विद्यार्थी प्रकृति लम्सालको आत्महत्याको विषयले हामीलाई निकै दुःखी बनाएको थियो। तर, सो घटनापछि त्यहाँ अध्ययनरत नेपाली छात्रछात्रालाई मनोपरामर्श तथा अन्य सहायता नदिइँदा दोस्रो घटना घटेको हुन सक्छ। नेपाली विद्यार्थीको सुरक्षामा ध्यान देऊ।

● **सुमन पाखिन**, सानोगौचरन, काठमाडौं

के आन्दोलनको विकल्प छैन ?

यो प्रश्न आफ्ना माग राखेर सडक आन्दोलन गरीरहेका व्यक्ति तथा संघ-संगठनका प्रतिनिधिलाई मन नपर्न सक्छ। तर, कसैलाई मन पर्छ या पर्दैन भन्दा पनि अन्तिम विकल्प आन्दोलन नै हो भन्ने सोचचाहिँ गलत हो। शिक्षक, चिकित्सक, व्यवसायी, कर्मचारी आदि सबैले आन्दोलन गर्ने हो भने सर्वसाधारणले चाहिँ के गर्ने ? न उनीहरूको पहुँच राज्यसम्म छ, न उनीहरूले भनेको आन्दोलनकारीले नै सुन्छन्, खालि पीडा सहेर मात्र बस्नुपर्छ। वर्तमान अवस्थामा सरकारलाई दबाब दिने अन्तिम विकल्प भनेकै सडक आन्दोलन हो भन्ने सबैमा परेको देखिन्छ। सडक आन्दोलन नगरी नसुन्ने सरकार र अन्तिम विकल्प सडक आन्दोलन मात्र देख्ने आन्दोलनकारीको चेपुवामा सर्वसाधारण परेका छन्। सडक आन्दोलनले ट्राफिक जाम भएर हैरान छ, कहिले कसले कहिले कसले सडक आन्दोलन नगरेको दिनेछैन। यस्तो वेला सरकार अभिभावक बनेर समस्याको हल खोज्नुपर्ने सरकार भने सुन्यानसुन्यै गरेर बसिरहेको देखिन्छ।

आन्दोलनका कारण न विद्यार्थी पढाउन विद्यालय खुल्छ न बिरामी हुँदा अस्पतालमा उपचार नै पाइन्छ, यस्तो अवस्थामा नागरिकले गर्नेचाहिँ के ? भर्खरै शिक्षक महासंघको नेतृत्वमा सम्पन्न शिक्षक आन्दोलनले विद्यार्थीको भविष्यबारे कत्ति पनि चिन्ता नगरेको बरु उल्टै विद्यार्थीको भविष्यमाथि खेलबाड गरेको देखियो। आफ्ना सन्तानलाई निजी विद्यालय पठाएर गरिबका बच्चाबच्चीको भविष्यमाथि खेलबाड गर्न कसैलाई छुट छैन।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

विफल सरकारी आवास योजनाका प्रभाव

जटिल योजना, अपारदर्शी प्रक्रिया र पक्षपातपूर्ण वितरणले गर्दा 'निधि आवास' जनताको घर होइन, सरकारी प्रचारको ट्रोल बनेको छ



● सौरभ यादव

तराई-मधेशका खुला आकाशमुनि कठ्याङ्ग्रिँदो शीतलहरसँग लड्दै, घामसँग जुझ्दै, अनि वर्षा र बाढीबाट भिज्दै बाँच्नुपर्ने हजारौँ विपन्न दलित नागरिकका सपना वर्षौंदेखि अधुरा छन्। चार भित्ताविना, चार मौसमको क्रूरतासँग सधैँ जुधिरहनुपर्ने बाध्यताबिच 'आफ्नो घर' भन्ने शब्द उनीहरूका लागि अझै पनि सपना मात्रै हो, जुन न सरकारले पूरा गरिदिएको छ, न त भाग्यले नै साथ दिएको छ।

देशले गणतन्त्र पायो, संघीयता आयो, अधिकारका भाषण धेरै गरिए। दलित सशक्तीकरणका योजना बने। सरकारको कागजमा 'सबैलाई आवास'को नारा छ। तर, मधेशको छेउ, सिमानामा, खरको छानो पनि छैन, जहाँ गरिब दलित परिवार झुपडीभन्दा पनि कमजोर अवस्थामा रात कटाउँछन्। संघीय सरकार र मधेश प्रदेश सरकारले दलित र गरिबका लागि छुट्टाछुट्टै आवास योजना ल्याएका छन्। तर, ती योजनाका फारम कहाँ हराए ? ती कोटामा कसको नाम चढ्यो ? अनि साँच्चै आवास नपाएर ओतविहीन भएका ती दलित परिवार किन अझै पनि उही पुरानै पर्खालको ओत खोज्दै छन् ?

दलित, मुस्लिम, लोपोन्मुख र विपन्न समुदायका लागि घर भन्ने शब्द केवल चार भित्ताको संरचना होइन। त्यो त उनीहरूको अस्तित्वको गवाही हो, त्यो त सुरक्षा, सम्मान र मानवताको प्रतीक हो। तर, आज मधेश प्रदेश सरकारले कांग्रेस नेता स्वर्गीय महेन्द्रनारायण निधिको नाममा सुरु गरेको 'निधि आवास' कार्यक्रमको असफलताले घरको सपना तुहिएको छ।

०७८/७९ मा सुरु भएको यो कार्यक्रम मधेश प्रदेश सरकारले संघीय सरकारको असफल 'जनता आवास कार्यक्रम'को विकल्पका रूपमा ल्याएको थियो। घोषणा भयो- प्रतिपरिवार दुई कोठे पक्की घर, भान्सा, चापाकल र शौचालयसहित पाँच लाखबराबरको आवास एक आर्थिक वर्षभित्रै निर्माण गरिनेछ। सरकारको भाषामा, 'दुःखीका घरमा खुसियाली ल्याउने कार्यक्रम'। तर, भत्किएका पुराना झुप्राको ठाउँमा आज तीन वर्षसम्म पनि नयाँ घर ठडिएका छैनन्। ०६६/६७ मा संघीय सरकारले सुरु गरेको 'जनता आवास कार्यक्रम'ले मधेशमा १४ हजार चार सय आठ घर निर्माण गर्ने प्रतिबद्धता जनायो। तर, आजसम्म पाँच हजारभन्दा बढी घर अधुरै छन्। हजारौँ विपन्न परिवार पक्की घरको आशामा आफ्ना झुपडी भत्काएर अझै असुरक्षित अवस्थामा बाँचिरहेका छन्। यो योजना समयमै सम्पन्न नहुनुको कारण प्रस्ट छ, योजना त आयो, तर इमानदारी, निगरानी र बजेट व्यवस्थापन भएन।

जब सरकार 'घर दिन्छौं' भन्छ, तब गरिबका आँखामा आशाको झिल्को चम्किन्छ। तर, जब वर्षौं बित्दा पनि त्यो घर सपना मात्र रहन्छ, त्यो आशा पीडा बन्छ। मधेश प्रदेश सरकारले दलित, मुस्लिम, लोपोन्मुख र असहाय नागरिकका लागि सुरु गरेको 'निधि आवास' कार्यक्रम आज यस्तै एक पीडादायक कथा बनेको छ। यो कार्यक्रम स्व. नेता निधिको नाममा थियो। एक यस्तो नाम, जसले मधेशमा न्याय, समानता र राजनीतिक अधिकारको आवाज उठाए। तर, यही नाममा सुरु गरिएको योजनाले आज त्यही समुदायको घरको सपना अधुरो बनाइदिएको छ।

'निधि आवास' कार्यक्रमलाई निधिको नामसित जोड्नु भनेको केवल एउटा योजनाको नामकरण होइन, त्यो त मधेशको इतिहास, समर्पण र संघर्षको सम्मान थियो। तर, आज यही नाम भ्रष्टाचार, अनियमितता र अकर्मण्यतासँग जोडिएको छ। निधिजस्ता नेताको नामले गरिमा पाउने कि अपमान ? मधेश सरकारले जवाफ दिनुपर्छ।



तथ्य र पीडितको पीडा : मधेश सरकारले तीन वर्षअघि एक हजार चार सय २६ घर निर्माणको प्रतिबद्धता जनाएको थियो। तर, आजसम्म २११ घर मात्र बनेका छन्। बाँकी एक हजार दुई सय १५ घर अधुरै छन्। कुनैको छानो छैन, कुनैमा भित्ता छोपेका छन् र कतै जग मात्र बाँकी छ। मधेशका आठै जिल्लामा अधुरा घर चुपचाप छन्। लाभग्राहीले सरकारी योजनामा विश्वास गरेर आफ्ना झुपडी भत्काए। सम्झिए, अब हाम्रो आफ्नै पक्की घर हुनेछ। तर, तीन वर्षदेखि उनीहरू ओतविहीन छन्, जसलाई तीनै तहका सरकारले देखेका छैनन्।

जटिल योजना, अपारदर्शी प्रक्रिया र पक्षपातपूर्ण वितरणले गर्दा 'निधि आवास' जनताको घर होइन, सरकारी प्रचारको ट्रोल बनेको छ।

निर्वाचन आउँछ, दलित समुदायलाई सम्झाइन्छ, 'तिमीहरू हाम्रा प्राथमिकता हौं।' तर, चुनावपछि वाचा बिर्सिइन्छ। निधिजस्ता नेताका नाममा सुरु गरिएका योजना पनि केवल कागजमा सीमित रहन्छन्। जब घर बन्नुपर्थ्यो, तब फाइल बन्यो। जब सपना पूरा हुनुपर्थ्यो, तब बहाना बन्यो। 'निधि आवास'को असफलता केवल प्रशासनिक लापरबाही होइन, त्यो एक ऐतिहासिक नेतृत्वको अपमान पनि हो। महेन्द्र नारायण निधिको नाममा गरिने कुनै पनि योजना केवल इँटा र गारो होइन, त्यो नेतृत्वको दर्शन, मधेशको गरिमा र जनताको भरोसाको प्रतीक हुनुपर्छ।

सरकार अझै मौन बस्ने हो भने निधि आवास अधुरो घर मात्रै होइन, अधुरो न्याय पनि हुनेछ। नेपालमा दलित, लोपोन्मुख र विपन्न समुदायका लागि सुरक्षित आवासको कुरा केवल विकासको मुद्दा होइन, यो सामाजिक न्याय, सम्मान र समानताको सवाल पनि हो। तर, संघीय सरकारको 'जनता आवास' र मधेश प्रदेश सरकारको 'निधि आवास', आज दलित, विपन्न, निमुखा जनताको पीडाको पर्याय बनेका छन्।

समग्रमा भन्नुपर्दा 'जनता आवास' र 'निधि आवास' योजना दलित, लोपोन्मुख र विपन्न समुदायका लागि अति आवश्यक छ। आधारभूत आवश्यकतामध्ये आवासको समुचित व्यवस्थापन तथा दायित्व निर्वहनबाट राज्य विमुख हुन मिल्दैन।

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अस्ट्रेलियामा लेबर पार्टी विजयी

पुनः प्रधानमन्त्री बन्दै अल्बानिज



अस्ट्रेलियामा प्रधानमन्त्री एन्थोनी अल्बानिजको पार्टीले चुनाव जितेको छ। शनिबार सम्पन्न मतदानमा सत्तारूढ लेबर पार्टी विजयी भएको हो। जितसँगै अल्बानिज पुनः प्रधानमन्त्री बन्ने निश्चित छ। लिबरल-नेसनल गठबन्धनका नेता पिटर डटनले पराजय स्विकारेका छन्। डटनले आफ्नो पार्टीले 'पर्याप्त राम्रो नगरेको' टिप्पणी गरेका छन्। डटनल आफ्नै निर्वाचन क्षेत्र डिक्सनमा हारेका छन्। उनी लेबर उम्मेदवार अली फ्रान्ससँग पराजित भएका हुन्। उक्त निर्वाचन क्षेत्रबाट डटन दुई दशकभन्दा लामो समयदेखि निर्वाचित हुँदै आएका थिए। पूर्वप्रहरी अधिकारीसमेत रहेका डटन आप्रवासनमा कटौती गर्न, अपराध नियन्त्रण गर्न र आणविक शक्तिमाथि लामो समयदेखि लगाइएको प्रतिबन्ध हटाउन चाहन्छन्।

जितपछि ६२ वर्षीय अल्बानिजले नवीकरणीय ऊर्जालाई अंगीकार गर्ने, बिग्रँदो आवास संकटको सामना गर्ने र खस्कँदो स्वास्थ्य सेवा प्रणालीमा लगानी गर्ने प्रतिबद्धता जनाएका छन्। लेबरले अस्ट्रेलियालीको विश्वासलाई 'हल्का रूपमा' नलिएको उनले बताए। दुई दशकभन्दा बढी समयपछि लगातार दुईपटक चुनाव जित्ने अल्बानिज पहिलो प्रधानमन्त्री हुन्। यसअघि जोन हावर्ड पनि लगातार दुईपटक विजयी भएका थिए। शनिबार लेबर पार्टीको मुख्यालयमा उत्साहित समर्थकलाई सम्बोधन गर्दै उनले सरकारले वृद्धवृद्धाको हेरचाह गर्दै युवा अस्ट्रेलियालीमा लगानी गर्ने बताए। लेबर पार्टीका नेताले अस्ट्रेलियाली जनताले आफ्ना साझा मूल्यलाई पुनः पुष्टि गर्न मतदान गरेको बताए। 'विश्वव्यापी अनिश्चितताको यस समयमा अस्ट्रेलियालीले आशावाद र दृढ संकल्प रोजेका छन्,' उनले भने।

अस्ट्रेलियाको तल्लो सदन (हाउस अफ रिप्रिजेन्टेटिभमा) मा १५० र माथिल्लो सदन सिनेटमा ७६ गरी २२६ सिटका लागि मतदान भएको थियो। अस्ट्रेलियाली समाचार संस्था एबिसीका अनुसार लेबर ८५ सिटमा अघि छ भने लिबरल जम्मा ४० सिटमा खुम्चिएको छ। त्यस्तै, ११ स्थानमा स्वतन्त्र उम्मेदवार अगाडि छन्। निर्वाचनको अन्तिम परिणाम आउन बाँकी छ।

निर्वाचन अभियानमा राजनीतिक दलहरूले अध्यागमन, बढ्दो महँगी, स्वास्थ्य, मानसिक स्वास्थ्यलगायत विभिन्न सार्वजनिक चासोका मुद्दालाई प्राथमिकताका साथ उठाएका थिए। जीवनयापनको लागत, जलवायु परिवर्तन, संघर्षरत सार्वजनिक स्वास्थ्य सेवा, किफायती आवास र ट्रम्पको अप्रत्याशित कमब्याकपछिको चिन्तालगायत विषय पनि अभियानमा उठाइएका थिए।निर्वाचनअघि प्रधानमन्त्री अल्बानिजले आफू प्रधानमन्त्रीमा पुनः निर्वाचित भएमा आगामी तीन वर्षमा अस्ट्रेलियाका लागि गर्न सकिने विकासको नेतृत्व लिने र देशका सामु देखिएका विद्यमान समस्यालाई सम्बोधनको प्रयत्न गर्ने बताएका थिए। कतिपय सर्वेक्षणले निर्वाचनमा अल्बानिजको पार्टी विजयी हुने देखाएका थिए।

- एजेन्सी

शरणार्थी शिविरमा हमला, बालिबालिकासहित ११ को मृत्यु

गाजा सिटी/ दक्षिणी गाजास्थित खान युनिस शरणार्थी शिविरमा भएको इजरायली हवाई आक्रमणमा कम्तीमा ११ जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा एक वर्षभन्दा कम उमेरका तीन शिशु पनि छन्। नागरिक सुरक्षा प्रवक्ता महमुद बास्सालका अनुसार आक्रमणमा ज्यान गुमाउनेहरू एउटै विस्तारित परिवारका सदस्य छन्। पहिचान भएका आठजनामध्ये एक वर्षका बालक, एक वर्षकी बालिका र एक महिनाको शिशु छन्।

इजरायली सेनाका प्रवक्ताले आक्रमणको पुष्टि गरे। सो कारबाही 'विद्रोही हमास सदस्यलाई लक्षित गरी गरिएको' बताइएको छ। घटनास्थलमा उद्धारकर्मी र स्थानीय बासिन्दाले आक्रमणपछि खण्डहर बनेको भवनमा खोजी कार्य गरेका थिए। एएफपीका एक पत्रकारले खिचेको भिडियोमा एक उद्धारकर्मीले भग्नावशेषबाट एक शिशुको शव बाहिर ल्याएको देखिन्छ। इजरायलले दुई महिनाको युद्धविरामपछि पुनः आक्रमण सुरु गरेको हो। उक्त युद्ध सन् २०२३ अक्टोबर ७ मा हमासद्वारा गरिएको आक्रमणपछि सुरु भएको थियो। गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च १८ पछि पुनः सुरु भएको आक्रमणदेखि हालसम्म कम्तीमा दुई हजार ३९६ जनाको मृत्यु भइसकेको छ। कुल मृतकको संख्या ५२ हजार ४९५ पुगेको बताइएको छ।

शुक्रबार मात्रै इजरायली आक्रमणमा कम्तीमा ४२ जनाको मृत्यु भएको गाजाको नागरिक सुरक्षा निकायले जनाएको थियो। यस क्षेत्र मार्च २ देखि पूर्ण इजरायली नाकाबन्दीअन्तर्गत रहँदै आएको छ। इजरायलले हमासले मानवीय सहायतामा अप्ट्यारो पारिरहेको आरोप लगाउँदै गाजामा सहयोग सामग्री पठाउने कार्य रोकेको छ। इजरायली पक्षले नाकाबन्दीले हमासमाथि बन्धकमुक्त गराउने दबाब सिर्जना गर्ने उद्देश्य रहेको बताएको छ।

Government of Nepal
Ministry of Urban Development
Federal Secretarait Construction and Management Office
Sanogaucharan, Kathmandu

Invitation for Bid

Date of Publication: 2082-01-21 (04th May, 2025)

Federal Secretariat Construction and Management Office invites electronic bid only from eligible bidders for procurement of the following works under NCB procedure. For further information, visit e-GP portal of PPMO **www.bolpatra.gov.np/egp**.

S.N.	Contract No.	Description of Work	Estimated Amount	Bid Security Amount NRs	Price of Document Fee NRs.	Bid Submissioin Deadline	Opening Date and Time
1	FSCMO/NCB/W/ 81/82-20	Developing Ministry Of Women, Children and Senior Citizen as Disability Friendly Model Institution	38,46,528.12	115,000.00	3,000.00	2082/02/20 12:00 PM	2082/02/20 13:00 PM

Superintendent Engineer

इतिहासमा आज

मे ४



सन् १९७९ : मार्गरेट थ्याचर बेलायतको प्रधानमन्त्री हुने पहिलो महिला

सन् १९०४ : अमेरिकाले पानामा नहरको परित्यक्त निर्माण कार्यलाई अघि बढायो। सन् १८८१ मा फ्रान्सेली इन्जिनियरले एट्लान्टिक र प्यासिफिक महासागरलाई जोड्ने नहर खन्न सुरु गरेका थिए। तर, विभिन्न दुर्घटना र रोगका कारण करिब २२ हजार मजदुरको मृत्युपछि उनीहरूले यो परियोजना बीचमै परित्याग गरेका थिए।

सन् १९५३ : अर्नेस्ट हेमिङवेको पुस्तक 'द वर्ल्ड म्यान एन्ड द सी'लाई पुलित्जर पुरस्कार प्रदान। पछि यो पुस्तकले नोबेल पुरस्कार पनि प्राप्त गऱ्यो।

सन् १९५६ : अमेरिकाले इनविटेक भन्ने स्थानमा वायुमण्डलमा आणविक परीक्षण गऱ्यो।

सन् १९७० : भियतनाम युद्धको विरोधमा आयोजित एक प्रदर्शनका क्रममा अमेरिकाको केन्ट राज्यमा सुरक्षाकर्मीको गोली लागेर चार विद्यार्थीको मृत्यु। ओहियोका नेसनल गार्डले केन्ट स्टेट युनिभर्सिटीमा प्रदर्शनरत निहत्था विद्यार्थीमाथि गोली चलाउँदा यी विद्यार्थी मारिएका थिए। यसले भियतनाम युद्धविरुद्धको धारणालाई थप चर्काउने काम गऱ्यो।

विश्व | संक्षेप

भारत-पाकिस्तान सीमाका बासिन्दा सुरक्षित क्षेत्रतर्फ जान थाले

कस्मिर/ पाकिस्तानसँगको भारतीय सीमाका बासिन्दा सीमाबाट सुरक्षित क्षेत्रतर्फ बसोवास गर्न थालेका छन्। दुई देशका सेनाबिच सीमामा झडपका घटना वृद्धि भइरहेका वेला सीमाका बासिन्दा सुरक्षित क्षेत्रतर्फ सरेका हुन्। चेनाब नदीको किनारमा बसोवास गर्ने कृषि बस्तीका करिब एक हजार ५०० बासिन्दालाई द्वन्द्वको डरले स्थानान्तरण गरेको जनाइएको छ। गाउँ प्रमुख सुखदेव कुमारले अधिकांश परिवार सुरक्षित आवासका लागि अर्को ठाउँमा घर बनाई सरेका र शिविरमा करिब एकतिहाइ मात्र मानिस रहेको बताए।



भारतले पाकिस्तानलाई कस्मिरमा सर्वसाधारणमाथिको आक्रमणलाई समर्थन गरेको आरोप लगाएपछि दुई छिमेकीबिचको सम्बन्ध बिग्रिएको छ। पहलगाममा अप्रिल २२ मा भएको आक्रमणपछि भारतीय प्रहरीले तीनजनाको खोजी जारी राखेको छ भने संयुक्त राष्ट्र संघले उनीहरूलाई आतंकवादी घोषणा गरेको छ। उक्त घटनाका आक्रमणकारीलाई पाकिस्तानले संरक्षण गरेको नयाँदिल्लीले आरोप लगाउँदै आएको छ। भारतीय सेनाले शनिबार आफ्ना सैनिकले पाकिस्तानी सैनिकसँग कस्मिरसँगको सीमामा गोली चलाएको बताएको छ। सन् १९४७ मा ब्रिटिस शासनबाट स्वतन्त्र भएदेखि नै कस्मिर भारत र पाकिस्तानको विवादित क्षेत्र बनेको छ। सन् १९९९ मा दुवै पक्षले आक्रमण गर्दा यो क्षेत्र नराम्ररी प्रभावित भएको जनाइएको छ।

'इरानलाई युरेनियम संवर्द्धन गर्ने अधिकार छ'

तेहरान/ युरेनियम संवर्द्धन गर्ने 'अधिकार' रहेको भन्दै इरानले आफ्नो बचाउ गरेको छ। पश्चिमा मुलुकले इरानको आणविक अस्त्रबारे चासो देखाइरहेका वेला तेहरानको उक्त भनाइ आएको हो। इरानका विदेशमन्त्री अब्बास अराघचीले आणविक अप्रसार सन्धि (एनपिटी) मा तेहरानको लामो समयदेखिको सदस्यतालाई उद्धृत गर्दै भनेका छन्, 'इरानलाई पूर्ण आणविक इन्धन चक्रको मालिक हुने सबै अधिकार छ।' अराघचीले भने, 'एनपिटीका धेरै सदस्य राष्ट्रले आणविक अस्त्रलाई पूर्णतया अस्वीकार गरे पनि युरेनियमलाई जम्मा गर्ने अभियानलाई जारी राखेका छन्।' एनपिटीअन्तर्गत हस्ताक्षरकर्ता राष्ट्रले आफ्नो आणविक भण्डारको घोषणा गरी संयुक्त राष्ट्र संघको आणविक निगरानी निकाय अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) को निगरानीमा राख्नुपर्ने हुन्छ। संयुक्त राज्य अमेरिका र अन्य पश्चिमी देशले लामो समयदेखि इरान आणविक हतियारको पछि लागेको आरोप लगाउँदै आएका छन्। तर, तेहरानले यसको आणविक कार्यक्रम केवल नागरिक उद्देश्यका लागि भएको दाबी गर्दै आएको छ।

सन् २०१८ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पहिलो कार्यकालमा तेहरानसँग भएको ऐतिहासिक सम्झौताबाट अमेरिका पछि हटेपछि इरान र संयुक्त राज्य अमेरिकाबिच गत अप्रिल १२ देखि आणविक वार्ता हुँदै आएको छ। मध्यस्थ ओमानले यसै साताको सुरुमा 'व्यवस्थापकीय कारण' देखाउँदै शनिबारका लागि तय भएको चौथो चरणको वार्ता स्थगित भएको बताएको थियो। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले फक्स न्युजलाई दिएको अन्तर्वार्तामा इरानलाई युरेनियम संवर्द्धनबाट टाढा रहन आग्रह गर्दै भनेका छन्, 'युरेनियम संवर्द्धन गर्ने विश्वका देशसँग मात्र आणविक हतियार छ।'

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०१/२१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ जेठ ०५ गते सोमबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

नेपालगंज शाखा

१. ऋणीहरुको विवरण

क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय नेपालगंजमा मिति २०६९/०५/२०, मा प्रा.फा.र.नं. २१३७१/०६९/७० कायम भई दर्ता रहेको बाँके जिल्ला, कोहलपुर गा.वि.स./न.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **जय श्री हनुमान ट्रेडर्स।**
प्रो.- भक्त बहादुर बुढा

ख. **भक्त बहादुर बुढा**
ना.प्र.नं.- ८०
जारी मिति - २०४७/०५/१० जि.प्र.का. जाजरकोट
बाबु - कर्ण बहादुर बुढा
बाजे - नैन बहादुर बुढा
स्थायी ठेगाना- दैलेख जिल्ला, बडाभैरव गा.वि.स. वडा नं. ०३,
हालको ठेगाना- बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं ११

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **टिका कुमारी बुढा**
ना.प्र.नं.- ५१८ (बाँके)
जारी मिति - २०५२/०२/२४, जि.प्र.का. बाँके
बाबु - कर्ण बहादुर थापा
बाजे - गगन बहादुर थापा
स्थायी ठेगाना- बाँके जिल्ला, कोहलपुर न.पा., वडा नं. ११ (साविक कोहलपुर न.पा.वडा नं.०२)
हालको ठेगाना- ऐ.ऐ.

लिलाम हुने सम्पत्तिको विवरण

१. **टिका कुमारी बुढा**को नाममा मालपोत कार्यालय, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, कोहलपुर गा.वि.स./न.पा. वडा नं. ३ क स्थित कित्ता नं. ६०० को क्षे.फ. ०-०-६.२५ (वि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

लम्की, कैलाली शाखा

१. ऋणीको विवरण

हरि देवी खत्री
ना.प्र.नं.- ६७२०३१/१३६११
जारी मिति - २०६६/०७/०९, जि.प्र.का. कैलाली
बाबु - धन नाथ योगी
पति - टिका प्रसाद खत्री
स्थायी ठेगाना- कैलाली जिल्ला, लम्की चुहा न.पा वडा नं.०१ (साविक भजनी गा.वि.स/उ.म.न.पा वडा नं. ०७)

लिलाम हुने सम्पत्तिको विवरण

१. **हरि देवी खत्री**को नाममा मालपोत कार्यालय, टिकापुर कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, वलिगा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ५३१३ को क्षे.फ.११०.०६ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **टिका प्रसाद खत्री**
ना.प्र.नं.- १६२४३
जारी मिति - २०५०/०७/१५, जि.प्र.का. कैलाली
बाबु - बुद्धि सिहं खत्री
बाजे - डिला राम पाण्डे
स्थायी ठेगाना- कैलाली जिल्ला, लम्की चुहा न.पा वडा नं.०१ (साविक भजनी गा.वि.स/उ.म.न.पा वडा नं. ०७)

२. **सन्देश खत्री**
ना.प्र.नं.- ६७२०३२/६५५४६
जारी मिति - २०७३/०४/१३, जि.प्र.का. कैलाली
बाबु - टिका प्रसाद खत्री
बाजे - बुद्धि सिहं खत्री
स्थायी ठेगाना- कैलाली जिल्ला, लम्की चुहा न.पा वडा नं.०१ (साविक भजनी गा.वि.स/उ.म.न.पा वडा नं. ०५)

चन्द्रपुर रौतहट शाखा

१. ऋणीको विवरण

निर्मला अधिकारी
ना.प्र.नं.- ४२३
जारी मिति -२०५८/०६/०२, जि.प्र.का रौतहट
बाबु - हरि प्रसाद आचार्य
बाजे - गणेश प्रसाद आचार्य
स्थायी ठेगाना- रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ०५
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४

लिलाम हुने सम्पत्तिको विवरण

१. **निर्मला अधिकारी**को नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. ०१ स्थित कित्ता नं. ७५३६ र ७५३८ को क्षे.फ. क्रमश: ०-०-५$^{३/४}$ र ०-०-४$^{१/४}$ (वि.क.धु.क.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **रामचन्द्र अधिकारी**
ना.प्र.नं.- २३६३
जारी मिति -२०५४/०१/१६, जि.प्र.का रौतहट
बाबु - आनन्द प्रसाद अधिकारी
बाजे - चक्रपाडी अधिकारी
स्थायी ठेगाना- रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ०५
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४

२. **प्रज्वल अधिकारी**
ना.प्र.नं.- ३२-०२-७६-०२९८९
जारी मिति -२०७६/०६/०६, जि.प्र.का रौतहट
बाबु -रामचन्द्र अधिकारी
बाजे - आनन्द प्रसाद अधिकारी
स्थायी ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४

३. **पुजा अधिकारी**
ना.प्र.नं.- ३२-०२-७६-०२९९०
जारी मिति -२०७६/०६/०६, जि.प्र.का रौतहट
बाबु - रामचन्द्र अधिकारी
बाजे- आनन्द प्रसाद अधिकारी
स्थायी ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४
हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ०४

२. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्टेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य मान्त्रालय वाणिज्य विभाग अन्तर्गत प्राइभेट फर्म रजिष्ट्रेसनको कार्यालयमा मिति २०७४/०६/२२ मा दर्ता नं. ५४३४/१८१ कायम भई रौतहट जिल्ला, स.धर्मौरा गा.वि.स/न.पा वडा नं. ९ (बृन्दावन न.पा. वडा नं. ६) स्थित रजिष्टर्ड कार्यालय रहेको **नेयाज किराना पसल**
प्रोप्राईटर -शेख कलाम

लिलाम हुने सम्पत्तिको विवरण

१. **शेख कलाम**को नाममा मालपोत कार्यालय गौर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ०९ (हाल बृन्दावन न.पा. वडा नं. ०६) स्थित कित्ता नं. १२६५ र १२६७ को क्षे.फ. क्रमश: ०-०-१३ र ०-०-४$^{१/४}$ (वि.क.धु.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

२. **रुनिया खातुन** र **सविरा खातुन**को संयुक्त नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ०७ (हाल बृन्दावन न.पा. वडा नं. ०६) स्थित कित्ता नं. १६०८ को क्षे.फ. ०-०-१०-० (वि.क.धु.क.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **शेख कलाम**
ना.प्र.नं.- ३२/१०५६,
जारी मिति -२०५८/०९/१०, जि.प्र.का. रौतहट
बाबु - शेख मोर सलिम
बाजे - शेख मोली
पत्नि - सविरा खातुन
स्थायी ठेगाना- रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स वडा नं. ९
हालको ठेगाना- रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ०६

२. **सविरा खातुन**
ना.प्र.नं.- ३२९०८४-६५०३
जारी मिति -२०६५/१२/१२, जि.प्र.का. रौतहट
बाबु - शेख इस्लाम
ससुरा- शेख मोर सलिम
पति - शेख कलाम
स्थायी ठेगाना- रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स वडा नं. ९
हालको ठेगाना- रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ०६

३. **रुनिया खातुन**
ना.प्र.नं.- ३२-०२-७६-००७३७
जारी मिति -२०७६/०२/०५, जि.प्र.का. रौतहट
बाबु - से. बसीर
ससुरा - शेख मोर सलिम
पति - शेख अब्दुल मानान
स्थायी ठेगाना- रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ०६
हालको ठेगाना- ऐ.ऐ

४. **शेख अब्दुल मनान**
ना.प्र.नं.- १५६१
जारी मिति -२०६२/१०/०४, जि.प्र.का. रौतहट
बाबु - शेख मोर सलिम
बाजे - शेख मोली
पत्नि - रुनिया खातुन
स्थायी ठेगाना- रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स वडा नं. ९
हालको ठेगाना- रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ०६

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ जेठ ०४ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ जेठ ०५ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८२ जेठ ०५ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार २१ वैशाख ०८२

अप्रिलमा भित्रिए एक लाख १६ हजार पर्यटक

अप्रिलमा अहिलेसम्मकै धेरै पर्यटक आएको रेकर्ड

कुन देशबाट कति भित्रिए ?



अप्रिल महिनामा भारतीय पर्यटकको संख्या बढेको छ। एक महिनामा २५ हजार नौ सय ३३ भारतीयले नेपाल भ्रमण गरेका छन्। धेरै पर्यटक भित्रिने दोस्रो देशमा अमेरिका रहेको छ, जहाँबाट अप्रिलमा १० हजार ५३ पर्यटक घुम्न आएका छन्। यस्तै, चीनबाट नौ हजार ३७, युकेबाट ६ हजार सात सय ३८, बंगलादेशबाट पाँच हजार तीन सय ९८, अस्ट्रेलियाबाट पाँच हजार तीन सय १९, जर्मनीबाट तीन हजार आठ सय ३५, फ्रान्सबाट तीन हजार दुई सय ६५, रसियाबाट तीन हजार ५१, इजरायलबाट दुई हजार ६ सय ९८ पर्यटक नेपाल घुम्न आएको पर्यटन बोर्डले जनाएको छ। अप्रिलमा युरोप, आसियाना र मध्यपूर्वी देशहरूका पर्यटक उल्लेख्य बढेका छन्। तर, एसियाली र अफ्रिकन देशहरूका पर्यटक घटेको तथ्यांकले देखाउँछ।

■ कुन महिना कति पर्यटक ?

महिना	सन् २०२४	सन् २०२५
जनवरी	७९,१००	७९,९९१
फेब्रुअरी	९७,४२६	९६,८८०
मार्च	१,२८,१६७	१,२१,६८७
अप्रिल	१,११,३७६	१,१६,४९०
कुल	४,१६,०६९	४,१५,०४८



नयाँ पत्रिका

सन् २०२५ को अप्रिल महिना नेपाली पर्यटन क्षेत्रका लागि उत्साहप्रद बनेको छ। एक महिनामा एक लाख १६ हजार चार सय ९० विदेशी पर्यटक नेपाल भित्रिएर अहिलेसम्मकै धेरै पर्यटक आएको महिना बन्न सफल भएको छ। यसअघि सन् २०२४ को अप्रिलमा सबैभन्दा धेरै एक लाख ११ हजार तीन सय ७६ पर्यटक नेपाल भित्रिएका थिए। कोभिड महामारी सुरु हुनुअघि सन् २०१९ को अप्रिलमा एक लाख नौ हजार तीन सय ९९ पर्यटक नेपाल घुम्न आएको पर्यटन बोर्डको तथ्यांक छ। सो महिनासँग तुलना गर्दा यो अप्रिलमा पर्यटक आगमन ६.५ प्रतिशतले बढेको देखिन्छ। विश्वव्यापी कोरोना भाइरस फैलिएपछि सन् २०२० को अप्रिलमा पर्यटक आगमन घटेर १४ जनामा झरेको थियो। पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले पर्यटक आगमनमा भएको बढोत्तरी नेपालको आकर्षण र पर्यटन सम्भावनाको प्रमाण भएको बताएका छन्। बोर्डले यो अहिलेसम्मकै सफल अप्रिल भएको जनाएको छ।

■ अप्रिलमा भित्रिएका पर्यटक

वर्ष (सन्)	अप्रिलमा पर्यटक आगमन
२०१६	६०,२१४
२०१७	८८,५९१
२०१८	९८,६५०
२०१९	१,०९,३९९
२०२०	१४
२०२१	२२,४५०
२०२२	६१,५८९
२०२३	९८,७७३
२०२४	१,११,३७६
२०२५	१,१६,४९०

सन् २०२५ को पहिलो चार महिनामा विभिन्न देशबाट चार लाख १५ हजार ४८ पर्यटक नेपाल भित्रिएका छन्। सबैभन्दा धेरै पर्यटक मार्चमा एक लाख २१ हजार ६८७ भित्रिएको पर्यटन बोर्डको तथ्यांक छ। यस्तै, जनवरीमा ७९ हजार ९९१, फेब्रुअरीमा ९६ हजार ८८०, मार्चमा एक लाख २१ हजार ६८७ र अप्रिलमा एक लाख १६ हजार ४९० पर्यटक नेपाल भित्रिएका छन्।

बिमा क्षेत्रको ठगी नियन्त्रण गर्न 'बिमा सूचना केन्द्र' स्थापना गरिँदै

निर्देशिकाको मस्यौदा बोर्डमा, ठगी गर्ने बिमितलाई कालोसूचीमा राखिने, पाँच वर्षसम्म बिमा सेवामा प्रतिबन्ध



● **सुशीलदेव सुवेदी**, कार्यकारी निर्देशक तथा प्रवक्ता, नेपाल बिमा प्राधिकरण

प्राधिकरणले लामो समयदेखि यसको अध्ययन गरेको थियो। नियमावलीमा पनि यसको परिकल्पना गरिएको छ। हामी छिट्टै बिमा सूचना केन्द्र स्थापना गर्न सकिने अवस्थामा पुगेका छौं। केही प्राविधिक प्रक्रिया पूरा भएपछि यसको स्थापना गर्छौं। विभिन्न घटनाक्रमले बिमा क्षेत्रमा ठगीका घटना भइरहेका देखिन्छन्। सूचना केन्द्र स्थापना गरेपछि त्यस्ता ठगीका घटना नियन्त्रण गर्न सहज हुनेछ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल बिमा प्राधिकरणले बिमा कम्पनीहरूको समेत लगानी हुने गरी 'बिमा सूचना केन्द्र' स्थापना गर्ने प्रक्रिया अघि बढाएको छ। बिमा क्षेत्रमा हुने ठगीलाई नियन्त्रण गर्नेलगायतका उद्देश्यसहित 'बिमा सूचना केन्द्र' स्थापना गरिँदै छ। सरकारले ल्याएको आगामी आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रममा पनि बिमा सूचना केन्द्र कार्यान्वयनमा ल्याउने उल्लेख छ।

गत माघमा लागू भएको बिमा नियमावलीमा बिमा सूचना केन्द्र स्थापना गर्ने व्यवस्था गरिएको छ। नियामक निकाय नेपाल बिमा प्राधिकरणका कार्यकारी निर्देशक तथा प्रवक्ता सुशीलदेव सुवेदीले पनि बिमा सूचना केन्द्र स्थापना गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको बताए। 'प्राधिकरणले लामो समयदेखि यसको अध्ययन गरेको थियो। नियमावलीमा पनि यसको परिकल्पना गरिएको छ,' उनले भने, 'हामी छिट्टै बिमा सूचना केन्द्र स्थापना गर्न सकिने अवस्थामा पुगेका छौं। केही प्राविधिक प्रक्रिया पूरा भएपछि यसको स्थापना गर्छौं।'

बिमा सूचना केन्द्र सञ्चालनसम्बन्धी निर्देशिकाको मस्यौदा प्राधिकरणको सञ्चालक समितिमा पेस भइसकेको छ। सञ्चालक समितिले उक्त मस्यौदा अध्ययन गरिरहेको छ। बोर्डले पारित गरेपछि सूचना केन्द्र स्थापना गरिनेछ।

अहिले नेपालमा १४ जीवन, १४ निर्जीवन, दुई पुनर्बिमा र सात लघुबिमा कम्पनी सञ्चालनमा छन्। उनीहरूको समेत सेयर स्वामित्व हुने गरी बिमा सूचना केन्द्र स्थापना गरिनेछ। त्यसपछि प्राधिकरणले आवश्यक काम-कारबाही गर्न सूचना केन्द्रलाई लिखित आदेश (इजाजत) दिनेछ।

वित्तीय क्षेत्र हुने ठगीलाई नियन्त्रण गर्न स्थापना गरिएको कर्जा सूचना केन्द्रजस्तै बिमा क्षेत्रमा हुने ठगीलाई पनि नियन्त्रण गर्न 'बिमा सूचना केन्द्र' स्थापना गर्न लागिएको हो।

कर्जा सूचना केन्द्रले वित्तीय क्षेत्रमा हुने ठगीसम्बन्धी सूचना संकलन गरेर सार्वजनिक गर्दै आएको छ। विशेष गरी ऋण नतिर्ने ग्राहकलाई कर्जा सूचना केन्द्रले अवैधानिक सूची (कालोसूची भनिने)मा राख्नेछ, यस्तो सूचीमा परेको व्यक्ति तथा संस्थालाई वित्तीय संस्थाले थप कर्जा दिँदैनन्। सोही मोडेलमा बिमा क्षेत्रमा हुने ठगीसम्बन्धी तथ्यांक संकलन गरेर प्रकाशन गर्ने उद्देश्यसहित बिमा सूचना केन्द्र स्थापना गर्न लागिएको हो। उक्त सूचना केन्द्रले बिमा क्षेत्रमा ठगी गर्ने व्यक्ति तथा संस्थालाई कालोसूची र शंकास्पद सूचीमा राख्नेछ र उनीहरूलाई बिमा सेवाबाट वञ्चित गराउने योजना रहेको छ।

बिमा कम्पनीहरूले आफ्ना ग्राहकलगायतका व्यक्तिको शंकास्पद गतिविधि केन्द्रमा पठाउनुपर्ने हुन्छ। त्यसपछि केन्द्रले ठगी गर्ने व्यक्ति वा संस्था अर्थात् बिमितको पहिचान गरेर कालोसूची र शंकास्पद सूचीमा राखी प्रकाशन गर्न सक्ने बिमा नियमावलीको नियम १०८ मा उल्लेख छ। बिमा ऐन २०७९ को दफा १४३ को उपदफा ४ मा ठगी गर्ने बिमित तथा अन्य व्यक्तिलाई सम्बन्धित निकाय (प्रस्तावित सूचना केन्द्र)को सिफारिसमा अवैधानिक सूचीमा राख्ने र ५ वर्षसम्म बिमा सेवामा प्रतिबन्ध लगाउने व्यवस्था छ।

यस्तै, केन्द्रले बिमासम्बन्धी सूचनाको संकलन, भण्डारण तथा वितरण गर्न, बिमासम्बन्धी आवधिक प्रतिवेदन तयार गर्ने, बिमासम्बन्धी अन्य आवश्यक तथ्यांक संकलन गर्नेलगायतका काम पनि गर्नेछ। साढे सात दशकको इतिहास भएको नेपाली बिमा क्षेत्रमा ठगीका घटना पहिलेदेखि नै हुँदै आएका छन्। तर, त्यसबारे सूचना संकलन गर्ने र जानकारी दिने निकाय भने अहिलेसम्म छैन।

यस्ता छन् बिमा दाबीका लागि गरिएका केही अपराध

● चौधरी समूहले एक बिमामा बढी दाबी लिनका लागि सर्भे प्रतिवेदन नै किर्ते गराएको थियो। २८ असोज ०६९ मा सतुंगलस्थित चौधरी समूहअन्तर्गतको सिजी इलेक्ट्रोनिक्सको गोदाममा आगलागी भएको थियो। उक्त गोदामको बिमा तत्कालीन युनाइटेड इस्योरेन्समा गरिएको थियो। कम्पनीले सर्भे कागज किर्ते गरेर ५८ करोड रुपैयाँ दाबी गरेको थियो। त्यसमा ३९ करोड भुक्तानी भइसकेको थियो। पछि नियामक निकाय बिमा समिति (हालको प्राधिकरण)ले त्यसमा छानबिन गर्दा ३५ करोड मात्रै भुक्तानी गर्न सकिने निर्णय गरेको थियो। छानबिनका क्रममा बढी दाबी लिन सर्भे प्रतिवेदनमा फर्जी विवरण राखिएको देखियो। उच्च र सर्वोच्च अदालतले पनि नियामक निकायकै निर्णय सदर गरेको छ। पछिल्लोपटक २० फागुनमा सर्वोच्च अदालतले पनि नियामक निकायकै निर्णय सदर गरेको छ।

● बिमा दाबी लिनकै लागि एक गिरोहले केटा-केटीको नियोजित विवाह गराई केटाको हत्यासमेत गरेको छ। मुख्य योजनाकार सञ्जीव अर्यालले बाँकेकी सपना मल्लालाई सर्जन विकसँग डिपेन्डेन्ट भिसामा अस्ट्रेलिया पठाउने लोभ देखाएर २ चैत ०७७ मा विवाह गराइदिन्छन्। विवाह दर्ता गर्नुअघि २८ फागुन ०७७ मा नै विकको तत्कालीन रिलाइन्स लाइफ इन्स्योरेन्स (हालको सानिमा रिलायन्स)मा एक करोड २० लाख रुपैयाँको बिमा गरिन्छ। यसैगरी, एक करोड २० लाख रुपैयाँबराबरको पर्मानेन्ट टोटल डिसाबिलिटी वेभियर बेनिफिट, ३० लाखको म्यादी र ३० लाखको दुर्घटना बिमासमेत गरिएको हुन्छ। २ वैशाख ०७८ मा नेपालगन्जकै बैजनाथ गाउँपालिका-६ को भित्री सडकमा नियोजित रूपमा बसले विक सवार मोटसाइकललाई ठक्कर गराएपछि उपचारका क्रममा उनको मृत्यु हुन्छ। त्यसपछि गिरोहले २४ साउन ०७८ मा रिलाइन्स लाइफ इन्स्योरेन्सबाट दुई करोड ५० लाख रुपैयाँ भुक्तानी लिन्छ। नेपाल रि-इन्स्योरेन्सले एउटा मजदुरको करोडौंको बिमा हुनुलाई शंकास्पद देखेर प्रहरीमार्फत अनुसन्धान गर्दा ठगी भएको रहस्य बाहिरिएको थियो।

● चितवनको कालिका नगरपालिका वडा नम्बर ६ स्थित खोलेसिमलको विनोद सुनचाँदी पसलका सञ्चालक विनोद सुनारले पनि असार ०८० मा पसलमा चोरी गराएका थिए।

● पोखराको लेकसाइडका व्यापारी सुजन गहतराजले आफ्नो मुक्तिनाथ सपिङ सेन्टरमा १६ साउन ०८१ मा आगलागी गराएका थिए।

● रौतहटका ३९ वर्षीय रामकिशोर यादवले चार वर्षीया छोरी लक्ष्मीराय यादवको हत्या गरेका थिए। उनले प्रभु लाइफ इन्स्योरेन्समा जेठ ०७६ मा छोरीको २५ लाख रुपैयाँको बिमा गराएका थिए। यस्तै, ०७६ मै पोखराका रमेश नेपालीले श्रीमती लक्ष्मी नेपालीको हत्या गरेका थिए।

● यस्तै, भदौ ०७९ मा घोराहीमा बिमा दाबीका लागि आफ्नै टिपरमा आगलागी गरिएको थियो। ७ भदौ ०७९ मा नेपाल बन्दको समयमा चालक र सहचालकले मालिकको सहमतिमा रा.१ख १६९४ नम्बरको बिग्रेको टिपरमा आगलागी गरेका थिए।

संक्षेप

'साना उद्योगकेन्द्रित बजेट आवश्यक'

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले साना तथा मझौला उद्योग प्रवर्द्धन गर्ने बजेट ल्याउन सरकारलाई सुझाव दिएका छन्। नेपाल व्यवस्थापक संघले शनिबार काठमाडौंमा आयोजना गरेको पूर्वबजेट छलफल कार्यक्रममा बोल्दै उनले नेपालको अर्थतन्त्रमा साना तथा मझौला उद्योगहरू (एएमइज)को योगदान ठुलो रहे पनि ती उद्योगहरू प्रवर्द्धन हुन नसकेको बताए।

'नेपालको अर्थतन्त्रमा एएमइजको योगदान ठुलो छ, तर योगदानअनुरूप प्रोत्साहन छैन, यसले गर्दा उत्पादन, उत्पादकत्व र रोजगारीमा समेत असर पारेको छ,' वरिष्ठ उपाध्यक्ष श्रेष्ठले भने, 'ती उद्योगहरूको प्रवर्द्धनका लागि सहज ऋण प्राप्ति, लिएको ऋणको पुनः नवीकरण वा पुनर्तालिकीकरण आवश्यक छ, नयाँ बजेटले यी विषयहरू सम्बोधन गर्नेछ भन्ने अपेक्षा छ।' उनले बलियो सरकार बनेको अवस्थामा निजी क्षेत्रले नीतिगत स्थायित्वको अपेक्षा गरेको पनि बताए।

लुम्बिनीमा बजेटको सुझाव संकलन

बुटवल/ लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रम र बजेटको प्राथमिकता निर्धारण गर्न प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलका नेताहरूसँग छलफल गरेको छ। छलफलमा मुख्यमन्त्री चेतनारायण आचार्यले सरकारले सबैको अपनत्व हुने गरी नीति तथा कार्यक्रम ल्याउने तयारीमा रहेको बताए।

नीति तथा कार्यक्रम र बजेटलाई लक्ष्य, उद्देश्यअनुकूल बनाउने र कार्यान्वयन पक्षलाई सुदृढ गर्ने उद्देश्यका साथ शुक्रबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी)मा छलफल गरी सुझाव लिइएको छ। माओवादी केन्द्रका प्रमुख सचेतक इन्द्रजित थारूले वस्तुस्थिति र तथ्यांकका आधारमा योजना निर्माण गर्नुपर्नेमा जोड दिए।

'सडक सुरक्षा बहुपक्षीय समन्वयमा'

काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सडक सुरक्षा तथा दुर्घटना न्यूनीकरणमा कुनै एक मात्र निकाय जिम्मेवार नहुने बताएका छन्। सडक विभागसँगको सहकार्यमा सडक साथीले आयोजना गरेको कार्यक्रममा उनले बहुपक्षीय र बहुसरोकारवाला विषय भएकाले सबै क्षेत्रको समन्वय आवश्यक रहेको बताएका हुन्।

'हामीले धेरैभन्दा पनि सुरक्षित सडक बनाउन आवश्यक छ, त्यसतर्फ हामी लागिसकेका छौं,' उनले भने, 'तर, दुर्घटनाको कारक सडक मात्र नभएर मानवीय त्रुटि, यान्त्रिक गडबडी, प्रतिकूल मौसम, लापरबाही, सडक तथा सवारी नियमबारे जानकारीको अभावजस्ता विषय पनि रहेकाले सबै पक्षको सहकार्यमा यसतर्फ लाग्न जरुरी भइसकेको छ।' कार्यक्रममा सडक विभागका महानिर्देशक रामहरि पोखरेलसहित विभिन्न विज्ञहरूको प्यानलमा सडक सुरक्षा तथा सरोकारका विषयमा छलफलसमेत गरिएको संस्थाका संस्थापक निपुण न्यौपानेले जानकारी दिए।

वातावरण संरक्षणमा एनएमबिको सहयोग

काठमाडौं/ एनएमबि बैंकले वातावरण संरक्षणका लागि पाँच लाख रुपैयाँ सहयोग गरेको छ। बैंकले आयोजना गरेको हेरिटेज वाक कार्यक्रमका अवसरमा सम्पदा तथा वातावरण संरक्षणका लागि नेपाल हेरिटेज सोसाइटीलाई पाँच लाख रुपैयाँ सहयोग गरेको हो। त्यस्तै, मध्यपुर थिमि नगरपालिकालाई डस्टबिनसमेत हस्तान्तरण गरेको जनाइएको छ।

हेरिटेज वाक कार्यक्रम बैंकको गट्ठाघर शाखाबाट सुरु भई शंखधर पार्क, बालकुमारी मन्दिर, पाटी-बिहार, नगदेश हुँदै बोडेको महालक्ष्मी मन्दिर पुगेर समापन भएको थियो। देशको ऐतिहासिक तथा सामाजिक रूपान्तरणका लागि सांस्कृतिक सम्पदा प्रवर्द्धन तथा साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले उक्त कार्यक्रम गरिएको बैंकले जनाएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६०६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७०१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-५३६०६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारमका उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
